वर्ष : १४, अंक : २०, काठमाडौं, २०७५ भाद्र १५ गते शुक्रबार 31 August 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## बिमस्टेक शिखर सम्मेलन




काठमाडौं । बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक)को चौथो शिखर सम्मेलन प्रारम्भ भएको छ । प्रधानमन्त्री एवं बिमस्टेकका अध्यक्ष केपी शर्मा ओलीले बिहीबार राजधानीमा आयोजित विशेष समारोहमा सम्मेलन प्रारम्भ भएको घोषणा गरेका थिए । अध्यक्षको आसनबाट उद्घाटन मन्तव्य व्यक्त गर्दै उनले बिमस्टेकको गहन एकीकरणको अपरिहार्यतामा जोड दिँदै शान्त, दिगो, विकासतर्फ उन्मुख एवं समृद्ध बिमस्टेक क्षेत्र बनाउन सबै सदस्य मुलुकबाट आवश्यक प्रयास हुने विश्वास व्यक्त गरेका छन् ।

सम्मेलनमा नेपालसहित सात वटै सदस्य देशका राष्ट्राध्यक्ष एवं सरकार प्रमुख सहभागी भएका छन् । शिखर सम्मेलनमा म्यान्माका राष्ट्रपति विन मिन्त र श्रीलङ्काका राष्ट्रपति मैत्रीपाला सिरिसेनाले आआफ्नो मुलुकको प्रतिनिधिमण्डलको नेतृत्व गरेका छन् । त्यसैगरी बङ्गलादेशका प्रधानमन्त्री शेख हसिना, भुटानको अन्तरिम सरकारका प्रमुख सल्लाहकार एवं प्रधानन्यायाधीश ल्योन्पो छिरिङ वाङचुक, भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र थाइल्याण्डका प्रधानमन्त्री प्रयुत चान ओ चा नेतृत्वको प्रतिनिधिमण्डल सम्मेलनमा सहभागी भएको छ ।

शिखर बैठकको प्रारम्भसँगै अध्यक्ष ओलीपछि सदस्य देशका राष्ट्राध्यक्ष एवं सरकार प्रमुखले वर्णानुक्रमानुसार सम्बोधन गरेका छन् । 'शान्त, समृद्ध र दिगोपनातर्फ उन्मुख बंगालको खाडी क्षेत्र'मा केन्द्रित रहेर उहाँहरूले आफ्ना अभिव्यक्ति प्रकट गरेका छन् । काठमाडौं घोषणापत्र जारी गर्दै शुक्रबार अपराह्न शिखर सम्मेलन समापन हुनेछ । सम्मेलन समाप्तिसँगै बिमस्टेकको अध्यक्षता श्रीलङ्काले गर्नेछ । यसअघि सन् २००४ मा थाइल्याण्ड, २००८ मा भारत र २०१४ मा म्यान्मामा बिम्स्टेक शिखर सम्मेलन भएको थियो ।

## महिला सांसदबीच सम्पर्क सञ्जाल बनाउन मोदीको जोड



काठमाडौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) सदस्य राष्ट्र साझा संस्कृतिको अटुट बन्धनबाट जोडिएको बताएका छन् । यहाँ शुरू भएको बिमस्टेकको चौथो शिखर सम्मेलनको उद्घाटन समारोहमा मन्तव्य दिँदै उनले हिमालय पर्वत शृङ्खला र हिन्द महासागरबीचको बङ्गालको खाडी क्षेत्र सबै सदस्य राष्ट्रको विकास, प्रगति र सुरक्षाका लागि विशेष महत्व राख्छ भने । बिम्स्टेकमा बङ्गलादेश, भुटान, भारत, म्यान्मा, नेपाल, श्रीलङ्का र थाइल्याण्ड सदस्य छन् । प्रधानमन्त्री मोदीको यो चौथो नेपाल भ्रमण हो । 'भारतको 'छिमेकी पहिलो' प्राथमिकताको नीति यसै क्षेत्रका लागि हो', उनले भने, 'हामी सबै विकासशील देश हौँ, शान्ति र समृद्धि सबैको प्राथमिकता हो तर आजको अन्तसम्बन्धित विश्वमा यो काम एक्लैले गर्न सकिँदैन, सबैको साथ र सहयोग आवश्यक छ ।' व्यापार, अर्थतन्त्र, यातायात, डिजिटल र जनस्तरको सम्बन्धको सम्पर्क सञ्जालमा काम गर्नुपर्ने भारतीय प्रधानमन्त्री मोदीको भनाइ थियो । भारतीय प्रधानमन्त्री मोदीले बिमस्टेक सदस्य मुलुकका महिला सांसदबीच सम्पर्क सञ्जाल बनाउन आवश्यक रहेकामा पनि जोड दिए । उनले बिमस्टेक सदस्य राष्ट्रका उद्यमीबीच सम्पर्क र सञ्जाल बढाउन भारत बिम्स्टेकस्तरको सम्मेलन आयोजना गर्न बाँकी पृष्ठ ८ मा

## उद्योगी व्यवसायीहरूको सुरक्षाको पूर्ण ग्यारेन्टी दिइने : मुख्यमन्त्री



लहान । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले मारबाडी समुदायलाई प्रदेश नं. २ मा लगानी गर्न आह्वान गरेका छन् । लहानमा आयोजित नेपाल राष्ट्रिय मारबाडी परिषदको १५औं वार्षिक साधारण सभा उद्घाटन गर्दै मुख्यमन्त्री राउतले प्रदेशको समृद्धिका लागि मारवाडी समुदायको सहयोग आवश्यक रहेको बताए ।

प्रदेश सरकार उद्योग मैत्री वातावरण निर्माण गर्न कदम चाली सकेको उल्लेख गर्दै उनले लगानी सुरक्षाको चिन्ता नगर्न आग्रह समेत गरे । प्रदेश प्रहरी गठन भए लगतै सुरक्षाको जिम्मेवारी प्रदेश सरकारको मातहतमा आउने भएकाले उद्योगी व्यवसायीलाई सुरक्षाको पूर्ण ग्यारेन्टी दिइने उनले बताए । समृद्ध नेपाल खुशी नेपालीको सपना प्रदेश नं. २ को समृद्धिले मात्र पुरा हुने बताउँदै मुख्यमन्त्री राउतले प्रदेशको समृद्धिका लागि सबैलाई एकजुट भएर अघि बढनु पर्ने उल्लेख गरे ।

प्रदेशमा संचालित बेटी पढाउ, बेटी बचाउ र मुख्यमन्त्री स्वच्छता अभियानमा समेत आ-आफनो ठाँउबाट सहयोग गर्न आग्रह गर्दै मुख्यमन्त्री राउतले सामाजिक रूपान्तरण आजको प्रमुख आवश्यकता रहेको बताए ।

नेपाल राष्ट्रिय मारबाडी परिषद्का अध्यक्ष पवन मित्तलको अध्यक्षतामा भएको उद्घाटन सत्रमा संघीय सांसद पद्मनारायण चौधरी, प्रदेश नं. २ का मुख्यन्यायधिवक्ता दिपेन्द्र झा सहितका वक्ताहरूले नेपालको राजनीतिक आन्दोलन र आर्थिक समृद्धिमा मारवाडी समुदायले खेलेको भूमिका बारे चर्चा गरेका थिए ।

## तीन विधेयकलाई सैद्धान्तिक सहमति

जनकपुरधाम । प्रदेश सरकारले बिहीबार तीन वटा विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गरेको छ । मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय संग सम्बन्धित प्रदेश पर्यटन प्रबर्द्धन तथा व्यवस्थापन विधेयक २०७५, र प्रदेश उद्योग व्यवस्थापन विधेयक २०७५को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गरेको हो । त्यसैगरी, समाजिक विकास मन्त्रालयसँग सम्बन्धित उच्च शिक्षाको व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको समेत मस्यौदा तर्जुमा गर्ने सैद्धान्तिक सहमति प्रदान गरेको हो ।

# मधेशका 'विद्रोही'हरूसँग वार्ताको तयारी

## विश्वास गर्ने आधार के भन्ने प्रश्न कायमै

**मधेशवाणी डेस्क**

काठमाडौं । तराई/मधेशमा रहेका विद्रोही समूहहरूसँग नेपाल सरकारले वार्ताको तयारी थालेको छ । मधेशलाई छुट्टै राष्ट्र निर्माण गर्ने खुला रूपमा चुनौती दिदैं आएका जयकृष्ण गोइत नेतृत्वको सशस्त्र भूमिगत समूह जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी), ज्वाला सिंह नेतृत्वको सशस्त्र भूमिगत समूह र शान्तिपूर्णरूपमा नि:शस्त्र संघर्षरत् डा.सीके राउत नेतृत्वको स्वतन्त्र मधेश गठबन्धनसँग वार्ताका लागि आन्तरिक रूपमा तयारी थालिएको स्रोतले जनाएको छ ।

यी तीनवटै समूहले आआफ्नै तर्कका साथ छुट्टै राष्ट्र हुनुपर्ने माग गर्दै विभिन्न अभियान सञ्चालन गर्दै आएका छन् । गोइत समूहले बेला बेलामा ठाउँ ठाउँमा बम विस्फोट गराउँदै आएको छ भने अर्का ज्वाला सिंह नेतृत्वको सशस्त्र समूह अहिले खासै सक्रिय देखिएको छैन । यसैगरी, डा. सीके राउतले महात्मा गान्धी, नेल्सन मण्डेला र गौतम बुद्धलाई आफ्नो आदर्श मान्दै शान्तिपूर्ण रूपमा जनमत संग्रहको माध्यमबाट मधेशलाई स्वतन्त्र राष्ट्र घोषणा गर्ने माग गर्दै आएको छ ।

### सरकारको तयारी

स्रोतका अनुसार सरकारले सबै विद्रोही समूहहरूलाई वार्तामार्फत् शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउने प्रयासमा रहेको छ । विगतमा मधेशमा रहेका दर्जनौं सशस्त्र समूहहरू मध्ये नेपाल सरकारले अहिलेसम्म १७ वटा सशस्त्र समूहसँग वार्ता गरिसकेको छ । तर वार्ताका क्रममा नेपाल सरकारले गरेका प्रतिबद्धताहरू अहिलेसम्म पूरा नगरेको गुनासो उनीहरूको छ । वार्तामा आएका समूहहरू कुनै न कुनै



जयकृष्ण गोइत



ज्वाला सिंह



डा.सीके राउत

राजनीतिक पार्टीमा आबद्ध पनि भएका छन् भने कतिपय त्यतिकै सेलाएर गएका छन् । सरकारले वार्ताको आह्वान गरिरहँदा विश्वासको वातावरण बनाउन सकेको छैन । सरकारले वार्ता गर्छ, माग पूरा गर्ने प्रतिवद्धता गर्छ तर त्यसलाई लागू गर्दैन । वार्ताकै लागि वार्ता गर्ने पक्षमा नरहेको विद्रोही समूहका एक नेताले मधेशवाणीलाई बताएका छन् ।

गृहमन्त्री रामबहादुर थापाले आन्तरिक रूपमा वार्ताका लागि आवश्यक पहल गरिरहेको स्रोतको दाबी छ । नेपाल कम्युनिष्ट पार्टीका नेता तथा प्रतिनिधिसभा सदस्य लीलानाथ श्रेष्ठका अनुसार गोइत, सिंह र राउत समूहसँग वार्ता लागि सरकारलाई आग्रह गरिएको छ । श्रेष्ठका अनुसार सरकार उनीहरूसँग वार्ताका लागि सकारात्मक छ । श्रेष्ठले मधेशवाणीसँग कुराकानी गर्दै भने, 'जयकृष्ण गोइतले मलाई वार्ताका लागि पहल गरिदिनु पर्‍यो भनेर भनेका छन् । गोइतलगायत मधेशमा भूमिगत रहेका समूहहरूलाई शान्तिपूर्ण राजनीतिमा ल्याई मधेशबाट द्वन्द्व समाप्त पार्ने सरकारको योजना रहेको छ ।'

### वार्ताका लागि आधार के ?

'सरकारसँग वार्ता गरेर गर्ने के ? वार्तामा सहमति हुँदा पनि सरकारले आजसम्म लागू गरेको देखिएको छैन । यसअघि पनि १७ वटा समूहसँग सरकारले वार्ता गर्‍यो, उनीहरूको अवस्था के छ, सबैलाई थाहा छ,' विद्रोही समूहका एक नेताले भने । उनले सरकारमाथि विश्वास गर्ने आधार नरहेको पनि दाबी गरे । सरकारले यदि वार्ताका लागि आह्वान गर्‍यो भने पूर्वशर्त राख्ने उनको भनाइ छ । यसअघि पनि जयकृष्ण गोइत समूहलाई वार्ताका लागि सरकारले पटक-पटक आह्वान गरिसकेको छ । तर, उनको सर्त नमानेपछि वार्ता हुन नसकेको यथार्थ छ । नेकपाका नेता श्रेष्ठको कुरालाई मान्ने हो भने गोइत, सिंह वा राउतसँग वार्ताका लागि विश्वासिलो वातावरण बनाउन आवश्यक छ ।

### जनमत संग्रह राउतको माग

डा.सीके राउत नेतृत्वको स्वतन्त्र मधेश गठबन्धनले जनमत संग्रहको माग गर्दै आएको छ । उसले नमूना जनमत संग्रह पनि मधेशका विभिन्न जिल्लाहरूमा गरिसकेको छ । डा.राउतको दाबी छ, 'यदि हामीले उठाएको माग वा जनता स्वतन्त्र मधेशको पक्षमा छैन भने सरकार डराउनु पर्दैन, तर शान्तिपूर्णरूपमा जनमत संग्रह भने हुनुपर्छ ।' राउत भन्छन्, 'यसबाट आफै प्रष्टिन्छ कि मधेशीहरू नेपालमा बस्न चाहन्छन् कि मधेश राष्ट्रमा ।' राउतले आगामी ५/६ वर्षमा जसरी मधेशलाई स्वतन्त्र राष्ट्र बनाएरै छाड्ने दाबीसमेत गर्दै आएका छन् ।

### तराईलाई नेपाली शासनबाट मुक्त गर्छौं : गोइत

जयकृष्ण गोइतका अभिव्यक्तिहरू हेर्दा उनी वार्ताका लागि अहिले पनि कुनै किसिमले आउन तयार नरहेको बुझिन्छ । उनले सशस्त्र राजनीतिबाट मात्र अहिले अधिकार प्राप्त हुने दाबी गर्दै आएका छन् । सामाजिक सञ्जालमा अभिव्यक्त गरेको उनको विचारको एउटा अंश यस्तो छ, 'स्वतन्त्र तराईका राजनीति यतिबेला बन्दूकको भरमा टिकेको अबैध नेपाली शासनलाई बन्दुकबाट नै ध्वस्त परेर तराईलाई मुक्त गर्ने तथा संघीयताका लागि नेपाली शासनलाई तराईमा वैधानिकता दिने दुई भिन्न कार्यनीतिको दोसाँधमा उभिएको छ ।'

## 'चलु जनकपुर, भरू जनकपुर'

जनकपुरधाम । डा.सीके राउत नेतृत्व स्वतन्त्र मधेश गठबन्धनले जनकपुरधाममा आमसभा गर्न लागेको छ । संविधान जारी भएको दिनलाई कालो दिनको रूपमा मनाउन गठबन्धनले सो आमसभाको आयोजना गर्न लागेको हो । डा. राउतले सामाजिक सञ्जाल फेसबुकमार्फत् आह्वान गर्दै संविधान जारी भएको असोज ३ गतेलाई कालो दिवसको रूपमा मनाउन 'चलु जनकपुर, भरू जनकपुर' नारा दिएका छन् । डा. राउतले मधेशकेन्द्रित दलका नेताहरूमाथि विभिन्न आरोपसमेत लगाएका छन् । उनले प्रदेश २ को सरकारले ल्याएको विधेयकलाई खारेज गर्नका लागि जनकपुरधाम आउन आह्वानसमेत गरेका छन् । प्रदेश २ को सरकारले ल्याएको विधेयक मधेशी अधिकार खोसिएको दाबीसमेत गरेका छन् । यसैगरी, गठबन्धनले मधेशभरि संविधानको विरूद्धमा कालो दिवस मनाउने, सभा गोष्ठीको आयोजना गर्ने लगायतका कार्यक्रमहरू गर्ने सहसंयोजक कैलाश महतोले मधेशवाणीलाई जानकारी दिएका छन् । उनले मधेश विरोधी संविधान खारेज हुनुपर्ने बताएका छन् ।



ईपीजीको प्रतिवेदनले सम्बन्धलाई थप मजबुत बनाउँछ

: डा.भेषबहादुर थापा



शहीद परिवारलाई ५० लाख दिइनेछ

: सत्यनारायण मण्डल

अन्तर्वार्ता पृष्ठ ३ मा

**समय-सन्दर्भ**

संगीता रेग्मी



## बिमस्टेक सम्मेलन : कुटनीतिमा नेपालको परीक्षा

सार्क र बिमस्टेक दुवैलाई एकअर्काको परिपूरकको रूपमा अघि बढाइनुपर्छ। दुवै संगठनको अध्यक्ष रहेको नेपालले लामो समयदेखि हुन नसकेको सार्क शिखर सम्मेलन गराउन पहल गर्नुपर्ने देखिन्छ भने त्यसका लागि बिमस्टेकका क्रममा हुने साइडलाइन भेटघाटलाई पनि उपयोग गर्न सकिन्छ ।

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडी राष्ट्रका प्रयास बिमष्टेकको चौथो सम्मेलन काठमाडौंमा चलिरहेको छ । बिमस्टेक होस् वा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क), त्यति संगठित र व्यवस्थित हुन सकेको छैन । नेपालले अहिले सार्क र विमस्टेक दुवैको अध्यक्षता गरिरहेको छ । सन् २०१४ देखि यो मञ्चको नेतृत्व गरिरँहदा बेलाबेलामा हुने सरकार परिवर्तन र आन्तरिक खिचातानीले गर्दा प्रभावकारी संगठनका रूपमा दिशानिर्देशन गर्ने क्षमता नेपालसँग नभएको प्रष्ट देखिन्छ । ।

ऐतिहासिक संविधानसभाबाट संविधान बनाएको र दुई तिहाई बहुमतको सरकार निर्माण गरी शक्तिशाली सरकारको नेतृत्व गरिरहेका केपी शर्मा ओलीको ध्यान यतिबेला बिमस्टेकलाई कसरी सफल रूपमा सम्पन्न गर्न सकिन्छ भन्नेमा नै छ । तर, दुई तिहाईले मात्र कुटनीति चल्दैन भन्ने केपी ओलीले पनि बुझ्नु जरूरी छ । लामो समयपछि स्थिर सरकार पाएको नेपालले विश्व समुदायमा आफ्नो आत्मविश्वास बढाउन र एजेण्डाबारे प्रष्टताका साथ व्यक्त गर्न पनि यो मञ्चलाई उपयोग गर्न सक्नुपर्छ ।

सार्कको विकल्प बिमस्टेक होइन भनेर विज्ञहरूले भन्दै आइरहँदा र सार्क कमजोर भएको स्थितिमा नेपालमा जारी बिमिस्टेक सम्मेलनलाई अझ महत्वका साथ हेरिएको छ । भारत र पाकिस्तानको आन्तरिक विवादका कारण पाकिस्तानमा हुनुपर्ने १९ औं सार्क शिखर सम्मेलन हुन नसकिरहेको अवस्थामा २०१६ मा नै हुनुपर्ने बिमिस्टेको चौथो सम्मेलन दुई वर्ष पछि हुँदै गर्दा यो सम्मेलन केही फलदायी हुने आशा गर्न सकिन्छ । नेपालले सम्मेलन आयोजक राष्ट्रका रूपमा यो ऐतिहासिक अवसरलाई सदुपयोग गर्दै आफ्ना प्राथमिकता र चासो प्रस्तुत गर्न सक्नुपर्छ।

व्यापार तथा लगानी, प्रविधि, उर्जा, यातायात तथा सञ्चार, पर्यटन, मत्स्यपालन, कृषि, सांस्कृतिक सहयोग, वातावरण तथा विपत् व्यवस्थापन, जनस्वास्थ्य, जनस्तरको सम्बन्ध, गरिबी निवारण, आतंकवाद तथा संक्रमणकालीन अपराध र जलवायु परिवर्तन जस्ता मुद्दाहरूमा राष्ट्रहरूबीच सहकार्य गरेर अगाडि बढ्नु नै बिमिस्टेकको उद्देश्य हो । तर, विमिस्टेकबाट नेपालले वा अन्य सदस्य राष्ट्रले तत्काल कुनै लाभ लिने अपेक्षा लिनु तत्कालका लागि महत्वकांक्षा मात्र हुनेछ । अहिलेसम्म यो मञ्च संगठन बनिसकेको अवस्था छैन । यद्यपि यदि यो मञ्चले राम्ररी काम गर्न सक्यो भने सबै राष्ट्रहरूलाई फाइदा हुनेमा शंका छैन । नेपाल र भुटान जस्ता भुपरिवेष्ठित मुलुकहरूले समुद्रसम्म पहुँच बनाएर अझ बढी फाइदा लिन सक्छन् । यो संगठन मार्फत नेपालले समुद्रको उपयोगमा पहुँच बढाउन प्रयत्न गर्नुपर्छ भने हिमालदेखि बग्ने नेपालका सबै नदीनाला बंगालको खाडीसम्म पुग्ने भएकाले यस क्षेत्रमा जलवायु परिवर्तन, पर्यावरण र प्राकृतिक प्रकोप न्यूनीकरणका लागि पनि बिमिस्टेकको प्राथमिकतामा पार्नुपर्छ।

बिमिस्टेकमा नेपाल, भारत, म्यानमार, भुटान, बंगलादेश, श्रीलंका र थाइल्याण्ड गरी सातवटा देशहरू रहेका छन् । यी सबै देशहरूमा बुद्ध धर्मावलम्बी र त्यससम्बन्धी सम्पदा छन् । त्यसो त त्यहाँका जनतामा पनि बुद्धसम्बन्धी आस्था पक्कै होला । सन् २०२० मा भिजिट नेपाल वर्ष मनाउने लक्ष्य लिएर अगाडि बाँकी पृष्ठ ८ मा



## सम्पादकीय



# बिमस्टेक र नेपालको नेतृत्व

स्थापना भएको २१ वर्षपछि नेपालले आफ्नै नेतृत्वमा बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक)को चौथो शिखर सम्मेलनको आयोजना गरिरहेको छ। बिहीबार भाद्र १४ बाट सुरू भएको शिखर सम्मेलन आज भाद्र १५ गते सकिदैंछ। लामो समयको राजनीतिक अस्थिरताले थिलथिलो भएको नेपाल राजनीतिक स्थिरतासँगै नयाँ संविधान कार्यान्वयनका क्रममा संघीय संरचनामा अघि बढिरहँदा संघीय संरचना अनुसारको तीनै तह (स्थानीय तह, प्रदेश सरकार र केन्द्रीय सरकार) जनमतबाट निर्माण भइसकेको छ।
यसरी राजनीतिक अस्थिरताको हल गर्दै अघि बढेको नेपालको अबको बाटो आर्थिक समृद्धि हासिल गर्नु नै हो। यही लक्ष्यका साथ नेपालको नेतृत्व गरिरहेका नेपाल कम्युनिस्ट पार्टी नेकपाका अध्यक्ष केपी शर्मा ओली र उनको नेतृत्वको सरकारले लिएको सुखी नेपाली समृद्ध नेपाल बनाउने नारालाई सार्थक बनाउन पनि बिमिस्टेक नेपालका लागि सहयोगी हुने विश्वास गर्न सकिन्छ। चौथौ बिमिस्टेक शिखर सम्मेलनको भव्य तयारीमा रहेको नेपालले दक्षिण एसियाको यो उपक्षेत्रीय संगठनलाई मजबुद बनाएर लैजाने गहन जिम्मेवारी पनि लिएको छ।
दुई छिमेकी राष्ट्र भारत र पाकिस्तानबीचको मनमुटावका कारण दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्कले लक्ष्य अनुरूप काम गर्न सकेको छैन्। यस्तो बेलामा नेपालकै नेतृत्वमा अझ स्थायी सरकार रहेकै बेला बिमिस्टेक सम्मेलन हुनु नेपालका लागि निक्कै खुसीको कुरा हो। वस्तुतः सार्क र एसियन दुवै संगठनका केही देशहरू मिलेर बनेको एसियाका देशहरूको पुल संगठन हो बिमस्टेक। यो सन् १९९७ सालमा गठन भएको हो र यसमा सार्क राष्ट्रको बढी सहभागिता छ। बिआईएसटी–ईसीको रूपमा सुरू भएपछि दुईपटक गरी तीन देश थपी सात सदस्यीय भएको छ।

> दुई छिमेकी राष्ट्र भारत र पाकिस्तानबीचको मनमुटावका कारण दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्कले लक्ष्य अनुरूप काम गर्न सकेको छैन। यस्तो बेलामा नेपालकै नेतृत्वमा अझ स्थायी सरकार रहेकै बेला बिमस्टेक सम्मेलन हुनु नेपालका लागि निक्कै खुसीको कुरा हो।

चारवटा देश बंगलादेश, भारत, श्रीलंका र थाइल्याण्ड मिलेर आर्थिक साझेदारी बनाएका यो संगठनमा स्थापनाको छ महिनापछि म्यानमारलाई थपेर नाम बिमस्टेक बन्यो। सन् १९९८ को ढाका बैठकमा पर्यवेक्षकको हैसियत पाएको नेपालले सन् २००४ मा भुटानसहित सदस्यता प्राप्त गर्‍यो।
सन् २०१४ देखि अध्यक्षता गरेको नेपालले तोकिएकै समयमा बैठकसमेत राखेको छ। यसको प्राथमिकताका क्षेत्र १४ वटा तोकिएको छ र प्रत्येक देशले कुनै न कुनै एक वा बढी क्षेत्रको संयोजन गरेका छन्। जसमा भारतले यातायात, सञ्चार, पर्यटन, आतंकवाद र सीमापार अपराध, पर्यावरण र विपद् व्यवस्थापन, थाइल्यान्डले माछापालन, जनस्वास्थ्य र जनता-जनतासँगको सम्पर्क, बगंलादेशले वातावरण परिवर्तन र व्यापार लगानी, म्यानमारले कृषि र ऊर्जा, भुटानले सांस्कृतिक आदानप्रदान, नेपालले गरिबी निवारण र श्रीलंकाले प्रविधि संयोजन गरेका छन्। नेपाल सदस्य बन्नुभन्दा अघि र पछि गरी बगंलादेश, भारत र म्यानमारले दुई-दुईपटक, थाइल्यान्डले एकपटक अध्यक्षता गरिसकेका छन् भने श्रीलंकाले एकपटक र भुटानले अहिलेसम्म अध्यक्षता गरेको छैन। थाइल्यान्ड अध्यक्ष रहेको बेलामा नेपाल यो संगठनको सदस्य बनेको हो। हालसम्म शिखर सम्मेलन ४ पटक बसेको छ भने त्यसमा सन् २००४ मा थाइल्यान्ड, सन् २००८ मा भारत, सन् २०१४ मा म्यानमार र सन् २०१६ मा भारतले आयोजना गरी सफल पारेका छन्।
बिमस्टेको उद्देश्य पूरा गर्दा नेपालजस्तो ऊर्जा तथा कृषिजन्य उत्पादनको प्रचुर सम्भावना भएको देशले सरल रूपले ठूलो बजार पाउन सक्छ। सदस्य मुलुकहरूबीच लगानीको वातावरण बन्नेछ, जसले गर्दा ठूलो लगानी आवश्यक पर्ने क्षेत्रमा बाहिरी लगानी आउने र सीप, क्षमता र रूचिअनुसार नेपालीहरूले समेत सानै भए पनि बाह्य लगानी गर्ने अवसर प्राप्त हुनेछ। पर्यटन प्रवर्द्धनजस्तो दिगो र प्रत्यक्ष मानवीय अन्तरक्रिया हुने क्षेत्रको विकास भई आर्थिक वृद्धि, भावनात्मक एकता कायम गर्ने, वस्तु तथा सेवाको उपयुक्त मूल्य कायम हुन गई उत्पादन र उपभोक्ता दुवैको हित संरक्षण हुने, वैदेशिक लगानीका लागि नेपाल एक उपयुक्त स्थल बन्न सक्ने, उपभोक्तावादी संस्कृतिको विकास हुने जसले गर्दा सहज वितरणको प्रणाली विकास गरेमा सजिलै विकासको फाइदा जनजनमा पुग्ने हुन्छ। अन्तर्राष्ट्रिय उपस्थितिका लागि अग्रणी हुँदै आएको नेपालले आफ्नो उपस्थिति देखाउन सकेको छैन। विभिन्न देशहरूलाई संयुक्त राष्ट्रसंघमा प्रवेश गराउन सहयोग गरेको देश बेलायतसँग २०० वर्षअघि र अमेरिकासँग ७० वर्षअगाडि सम्बन्ध बढाए पनि सम्बन्ध नेपालको लागि नाममात्रको रहेको छ भने। यसरी हेर्दा नेपालले कागजपत्र मिलाउने गरी परियोजना सक्न बानी परेको आन्तरिक कर्मचारीतन्त्रको विस्तारित रूपमा राजनीतितन्त्र तथा कूटनीतिमा परेको प्रभावभन्दा अत्युक्ति नहोला। त्यसकारण, सबै फोरम फाइदा मात्र पार्ने खालका नहुन सक्छन्। बिमस्टेकमा पनि सबै देशले तोकिएको प्राथमिक क्षेत्रको विज्ञता, क्षमता, अनुभव बढाउने र त्यसको आदानप्रदान गर्दा नै यस क्षेत्रको समृद्धिको बाटो सुनिश्चित छ।

## सताको सात बात



दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) र बहुक्षेत्रीय आर्थिक तथा प्राविधिक सहयोगका लागि बंगाल खाडीको प्रयास (बिमिस्टेक) फरकफरक उद्देश्यसहित गठन भएका संगठन भएकाले एकअर्काका विकल्प हुन सक्दैन। **केपी शर्मा ओली, प्रधानमन्त्री**



लामो संघर्ष, ठूलो बलिदानी र सबैको सहमति र सहकार्यले संविधान बनेको हो, संविधान कार्यान्वयनको लागि पनि सहमति र सहकार्य अनिवार्य रहेको छ। राजनीतिक संक्रमणको एक दशक लामो अप एन्ड डाउनको स्थिति थियो त्यो अन्त्य भएको छ। **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



पछिल्लो समयमा बालिका तथा महिलामाथि भएका बलात्कार र बलात्कारपछि हत्या गर्नेजस्ता निकष्ट क्रूर घटनाप्रति सरकारको गम्भीर ध्यानाकर्षण भएको छ। यस्ता घटनामा संलग्न अपराधीको कारबाहीका लागि सरकारले कुनै कसुर बाँकी राख्दैन। **रामबहादुर थापा 'बादल', गृहमन्त्री**



आन्तरिक गुट र उपगुटका कारण तीनै तहका निर्वाचनमा पार्टीले कमजोर नतिजा ल्याएको हो। अब कम्युनिष्टहरूको समाप्त भइसकेको विचारहरूको सामना गर्न कांग्रेस एकमत भएर लाग्नुपर्ने समय आएको छ। कम्युनिष्टहरूजस्तै नेपाली कांग्रेस पनि एक हुनुपर्ने समय आईसकेको छ। **डा. शशांक कोइराला, महान्त्री, नेपाली कांग्रेस**



संघीयताका विरोधीहरू बेलाबखत टाउको उठाउन खोज्दैछन्, संघीयतालाई मुलुकले थेग्न सक्दैन भनेर नकारात्मक टिप्पणी भइरहनु प्रदेश नम्बर २ लाई नमुना प्रदेश बनाउन नदिने षड्यन्त्र हो। आर्थिक समृद्धि ल्याउन प्रदेश सरकार उच्च मनोबलका साथ अगाडि बढिरहेको छ। **मो. लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश २**



अधिकारको दृष्टिले प्रदेश सरकारहरू निकै नै बलिया छन्। यो ५ वर्षको अन्त्यमा जनताले प्रदेशको बलियो जग बनेको देख्न पाउनेछन्। अहिले मानिसमा प्रदेश कमजोर छ भन्ने जुन द्विविधा छ, त्यसको अन्त्य भइसकेको हुनेछ। **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**



बजेट, नीति तथा कार्यक्रम ल्याएर मात्र प्रदेशले आर्थिक विकासमा फड्को मार्न सम्भव छैन समृद्ध पूर्वाधार तयारका लागि संघीय सरकारले पनि उत्तिकै चासो दिनुपर्छ। प्रदेश सरकारका लागि आवश्यक जनशक्ति बेलैमा व्यवस्थापन नहुँदा बजेट कार्यान्वयनमा समेत चुनौती थपिएको छ। **पृथ्वीसुब्बा गुरूङ, मुख्यमन्त्री, गण्डकी प्रदेश**

# मधेशप्रति नेकपाको प्रष्ट धारणा अझै आएन



**पशुपति दयाल मिश्र**

> जुन समस्या मधेशमा देखिएको छ, त्यही नै संविधान संशोधनको आवश्यक्ता हो। संविधान संशोधन गरेर नै त्यस्ता समस्या समाधान गर्न सकिन्छ। संविधान संशोधन नगरी त देश अगाडि बढ्न नै सक्ने अवस्था छैन। समस्या यथावत् राखेर अगाडि बढ्न परिस्थिति अनुकुल हुन्न। पहिलेभन्दा हाम्रा प्रधानमन्त्रीज्यूको दृष्टिकोण अहिले फरक भएको महसुस भएको छ।

नेकपामा प्रवेश हुनका लागि कुराकानी भइरहेको छ। हामी सबै मिलेर मधेशको समस्या समाधान गर्नुपर्छ भन्ने मोटामोटी सैद्धान्तिक सहमति बनेको छ तर निष्कर्षमा पुगिएका छैन। नेकपाबाट मधेशको पक्षमा हो भन्ने स्पष्ट धारणा आउनु पर्छ भन्ने हाम्रो मान्यता हो। किनभने अहिले पनि मधेशले नेकपालाई त्यति विश्वस गर्न सकेका छैन। नागरिकता, समानुपातिक समावेशी सिद्धान्त, मूल्य निर्धारण आयोग लगायतका धेरै विषयहरू छन्, जसमा नेकपाको स्पष्ट धारणा आउनुपर्छ। यस्तै, सरकारबाट मधेशको विषयमा उठेका मुद्दाहरूलाई के गरेर सम्बोधन गर्न सकिन्छ, त्यसको लागि पहलकदमी लिनुपर्छ। हाम्रो पक्षमा काम हुँदै छ भन्ने मधेशी जनताले अनुभूति हुनुपर्छ। संविधानमा व्यवस्था भएको समानुपातिक समावेशी व्यवस्था पनि प्रभावकारी रूपमा कार्यान्वयन भएको छैन। ती कुराहरूलाई अगाडि बढाएर जानुपर्छ। किसानहरूले उत्पादन गरेको अन्नबालीको मूल्य निर्धारण गरिनु पर्छ। मधेशका विभिन्न समस्याहरू समाधान गर्न सरकारसँग हामी छलफलको क्रममा रहेको छौं। यी सबै विषयहरूमा कुरा मिल्यो भने हामी नेकपामा प्रवेश गर्छौं।

मधेशी, आदिवासी, जनजाति, मुस्लिम आदि विभिन्न आयोगहरू बनाउने काम भइरहेको छ। किसानले उत्पादन गरेको वस्तुको कुरा छ, समावेशी समानुपातिक व्यवस्थाको विषय छ, यो सबै कुराहरू संविधानमा त आइसकेको छ र अब सरकारले अगाडि बढाउनुपर्छ। यी कामहरूमा सरकार दृढताका साथ अगाडि बढ्यो भने हामी नेकपामा समाहित हुने एउटा वातावरण बन्छ। अहिले हामी स्वतन्त्र राजनीतिक समूह कै हैसियतमा काम गरिरहेका छौं।

मधेशको एजेन्डालाई साझा एजेन्डा नबनाई समाधान गर्न सकिँदैन। हामी आन्दोलन र विरोध मात्र गरेर अगाडि बढ्छौं, तर अब त्यसरी हुँदैन। कन्भिन्स गरेर जानुपर्छ भनेर हामीलाई लाग्यो र त्यही क्रममा धेरै छलफलहरू भयो। कांग्रेससँग पनि छलफल भएकै हो तर कांग्रेसले मधेशको मुद्दा सम्बोधन गर्न खासै अग्रसरता नदेखाएपछि मधेशको समस्याको समाधान अब एमालेसँग मिलेर नै गर्नुपर्छ भनेर हामीले छलफल अगाडि बढाएका थियौ। केही समय लाग्नसक्छ, तर मधेशका समस्याहरू यो सरकारले समाधान गर्छ भन्नेमा मलाई विश्वास छ। मधेशको एजेण्डालाई साझा एजेण्डा बनाउनका लागि एमालेको चुनाव चिन्हबाट हामीले चुनाव लडेका हौं।

अहिले पनि संविधान संशोधन हुनुपर्छ भन्ने पक्षमा नै हामी रहेका छौं। संघीय समाजवादी फोरम पनि सरकारमा सहभागि भएको छ। उसँग पनि सरकारले संविधान संशोधन गर्छौं भनेर सहमति गरेको छ। मधेश पनि नेपाल नै हो। त्यसैले सबैको चित्त बुझाएर अगाडि बढ्न सक्यो भने समृद्धि र विकासको एजेण्डा लिएर अगाडि बढेको यो सरकार सफल हुनेछ। संविधान संशोधन लगायत मधेशको सबै समस्या समाधान गरेर मधेशी दलहरूलाई पनि समेट्दै जनताको भावना जित्दै यो सरकार अगाडि बढ्नुपर्छ।

जुन समस्या मधेशमा देखिएको छ, त्यही नै संविधान संशोधनको आवश्यक्ता हो। संविधान संशोधन गरेर नै त्यस्ता समस्या समाधान गर्न सकिन्छ। संविधान संशोधन नगरी त देश अगाडि बढ्न नै सक्ने अवस्था छैन। समस्या यथावत् राखेर अगाडि बढ्न परिस्थिति अनुकुल हुन्न। पहिलेभन्दा हाम्रा प्रधानमन्त्रीज्यूको दृष्टिकोण अहिले फरक भएको महसुस भएको छ। हामीले मधेशलाई साथमा लिएर हिँडेनौं भने गाह्रो हुन्छ भन्ने उहाँहरूले महसुस गरि सक्नु भएको छ। संविधान संशोधन गरेर कडा रूपमा कार्यान्वयन गर्न सकियो भने समाजमा त्यसको प्रभाव पर्छ र जनताको मन जित्न सकिन्छ।

मधेशवाद र कम्युनिष्ट भनेर छुट्याउन जरूरी छैन। मधेशको मुद्दालाई समाधान नगरी यो कम्युनिष्ट हो वा यो प्रजातन्त्रवादी पार्टी हो भन्न जरूरी छैन। राजनीति गर्ने हरेक दलको एजेण्डा जनताको अधिकार स्थापित गर्ने, सुख दिनेर देशलाई समृद्ध बनाउने हुन्छ। देशका सबै जनतालाई समान व्यवहार गर्ने, विभेद हटाउने भन्ने नै मुख्य एजेण्डा हो। मधेशको मुद्दालाई नेपालका सबै राजनीतिक दलहरू मिलेर समाधान गर्नुपर्छ भन्ने अहिले हाम्रो धारणा हो।

मधेशको मुद्दा समाधान गर्ने तर्फ अग्रसर हुनुपर्छ, मधेशवादी भनिरहन जरूरी छैन। मधेशवादको कुरा गरेर मात्र हुँदैन त्यसको कार्यान्वयन गरेर समाधानको उचित विन्दुसम्म पुर्‍याउनुपर्छ। समस्या उठाएर मात्र हून्न, समस्या छ भन्ने सबैलाई थाहा छ तर त्यो समस्यालाई समाधान गर्न सक्नु नै बुद्धिमानी हो।

हो, हामी राष्ट्रिय जनता पार्टी नेपाल परित्याग गरेर नै स्वतन्त्र नागरिक समूह बनाएका हौं। किनभने राजपाका नेताहरूको स्पष्ट भिजनको अभाव छ। प्रदेश नम्बर ५ को स्थानीय निर्वाचनमा राजपाले सहभागिता जनाएन। तर आन्दोलन छाडेर प्रदेश नम्बर दुईको निर्वाचनमा सहभागी भए। उनीहरूले आफ्नो राजनीति २ नम्बर प्रदेशमा मात्र केन्द्रित गरे। उनीहरूको पुरै फोकस दुई नम्बर प्रदेशका लागि मात्र भयो। हामीले धेरै छलफल गर्‍यौं अध्यक्षज्यूहरूसँग, केन्द्रीय कार्यसमितिमा पनि यो कुरा उठायौं तर हाम्रो कुरामा पर्टीको नेतृत्व पंक्ति गम्भीर भएन। ५ नम्बर प्रदेशको विषयमा उनीहरूलाई कुनै चासो भएन। त्यही कारण असन्तुष्टि बढ्दै गयो र हामी अलग भयौं।

संविधान संशोधन, सिमांकन, नागरिकता, भाषा लगायत मधेशमा जति विषयहरू छन्, सबलाई समेटेर समाधन गर्नुपर्छ भन्ने हाम्रो अहिलेको धारणा हो।

राजपा नेपाल त प्रदेश दुईमा मात्र सिमित भएको छ। पार्टीको भूमिका मधेशवादको पक्षमा छ। तर पार्टीमा धेरै नेता भएको हुनाले अलि अप्ठ्यारो छ। अहिले सरकारमा सहभागिताको विषयमा पनि कुरा चलिरहेको छ तर आधा तयार भएको छैन। रेशम चौधरीको रिहाई, आन्दोलनको क्रममा घाईते भएकाको उपचार, क्षतिपूर्ति आदि विषयहरू राजपाले सर्तको रूपमा उठाएको छ। यी विषयहरू त्यति ठूला छैनन्। सरकारले ध्यान दिएर सबैलाई सँगै लिएर हिड्न सक्नुपर्छ।

*(स्वतन्त्र राजनीतिक समूहका नेता मिश्रसँग गरिएको कुराकानीको आधारमा)*

# सुस्त सार्क र गतिहीन बिमस्टेक

दक्षिण एशियाली क्षेत्रीय सहयोग संठन (सार्क) को सन् १९९१ मा श्रीलङ्कामा सम्पन्न छैटौं शिखर सम्मेलनले पारित गरेको कोलम्बो घोषणापत्रको बुँदा नं १७ मा सार्क क्षेत्रका नागरिकले कम्तीमा पनि दालभात खान पाउनुपर्ने कुरामा जोड दिइएको थियो।
'दालभात' गरीबी निवारण गर्ने प्रयासमा सार्क क्षेत्रीय मञ्चको एक प्रतीकात्मक प्रस्तुति पनि हो। सार्क क्षेत्रका नागरिकले कम्तीमा पनि दालभात खान पाउनुपर्ने विषयलाई उनीहरूको आधारभूत तथा नैसर्गिक अधिकारका रूपमा सो घोषणापत्रमा प्रस्तुत गरिएको छ।
दालभात यस क्षेत्रका नागरिकको साझा खाना हो। प्रायः दक्षिण एशियाली क्षेत्रका नागरिकको प्रमुख खानामा दालभात नै पर्छ। त्यसैले यस क्षेत्रका नागरिकलाई भोकै बस्न नपरोस् र उनीहरूको पोषणमा सुधारका लागि पनि न्यूनतम रूपमा दालभातको उपलब्धता होस् भनी यो अवधारणा अघि सारिएको हुनसक्छ।
दक्षिण एशियालाई अहिले पनि विश्वको भूगोलमा हेर्दा अभाव, गरीबी, सामाजिक पछ्यौटेपन र अशिक्षा व्याप्त रहेको क्षेत्रका रूपमा हेर्ने गरिन्छ। दक्षिण एशियाली क्षेत्रमा यी सबै भयबाट यस क्षेत्रलाई मुक्त गर्ने उद्देश्यले सन् १९८५ को डिसेम्बर ८ मा सार्कको जन्म भएको हो। क्षेत्रीय सहयोग संगठनका रूपमा स्थापित यस संगठनमा दक्षिण एशियाका आठ देश छन्। यसरी विश्वको भूगोलमा गरीबीको पर्याय बनेको यस क्षेत्रलाई गरीबीबाट मुक्त गरी जनताको जीवनस्तर उकास्ने प्रयत्न सार्कले गरेको छ तर, ती प्रयासहरू सार्थक हुन सकिरहेका छैनन्।
सन् २०१४ को नोभेम्बरमा नेपालमा १८ औं शिखर सम्मेलन सम्पन्न भएपछि त झन् सार्कको चर्चा नै छैन। सार्कका सामान्य क्रियाकलाप पनि ठप्प छ। सार्कको १९ औं शिखर सम्मेलन १५-१६ नोभेम्बर, २०१६ का लागि तोकिएको थियो तर सम्मेलन हुन सकेको छैन। पाकिस्तानले १९ औं सम्मेलनको आयोजन गर्नेछ। उक्त सम्मेलनमा भारत सहभागी नहुने जानकारी गराएकाले सम्मेलन हुन नसकेको हो।
यतिखेर नेपालमा दक्षिण एशियालाई अलिक परसम्म जोड्ने एशियाको अर्को वैकल्पिक क्षेत्रीय सङ्गठनका रूपमा बिमस्टेकको चर्चा छ। करीब २१ वर्षअघि सन् १९९७ जुन ६ मा बहुक्षेत्रिय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) को कल्पना गरिएको हो। हाल यसमा बङ्गलादेश, भारत, भुटान, म्यानमार, श्रीलङ्का, थाइल्याण्ड र नेपाल सदस्य छन्। बङ्गालको खाडी वरपरका यी देशहरूको सङ्गठन खासगरी आर्थिक विकासको सम्भावना र यसको खोजीमा ऐक्यबद्ध हुन खोजेको देखिन्छ। तर, यसका दुई दशक पुराना प्रयासहरू पनि तीन दशकभन्दा पुरानो सार्ककै बाटोमा हिँडेको जस्तो देखिन्छ।
बिमस्टेकले विभिन्न १४ वटा क्षेत्रलाई आफ्नो कार्यक्षेत्र तोक्केको छ। तर, बिमस्टेकले निश्चित कार्यक्षेत्र तोकेर, ती विषयहरूमा ठोस कार्ययोजना बनाएर परिणामामुखी काम गर्नुपर्ने देखिन्छ। सन् २०१४ को जनवरीमा नेपालमा बसेको बिमस्टेक मन्त्रिस्तरीय बैठकले गरीबी निवारण कार्ययोजना स्वीकृत गरेको थियो। म्यानमारमा भएको तेस्रो शिखर सम्मेलनले त्यसलाई अघि बढाउने निर्णय गर्‍यो। गरीबी निवारणजस्ता शब्दहरू अब धेरै सतही भएका छन्। गरीबी निवारणका लागि के काम गर्ने र त्यसबाट प्राप्त हुने प्रतिफल, आवश्यक समय र लागत के हुने भनेर ठोस लक्ष्य तोकिनुपर्दछ। नत्र कुनै पनि कामको लक्ष्य हासिल गर्न कठिन हुनेछ।

> बिमस्टेकलाई दक्षिण एशियामा सार्कको विकल्पका रूपमा हेर्न थालिएको छ। यसबाट दक्षिण एशियालाई एक गाउँको अवधारणामा ३३ वर्ष पूरा गरेको सार्कको सामिप्यतामा कमी आउने खतरा पनि छ।

बिमस्टेकलाई दक्षिण एशियामा सार्कको विकल्पका रूपमा हेर्न थालिएको छ। यसबाट दक्षिण एशियालाई एक गाउँको अवधारणामा ३३ वर्ष पूरा गरेको सार्कको सामिप्यतामा कमी आउने खतरा पनि छ। जस्तो कि सन् २०१५ मा गोवामा भारतले ब्रिक्स राष्ट्रहरूको सम्मेलनमा बिमस्टेकको 'आउटरिच' बैठकको आयोजना गरेदेखि नै सार्कका अरू तीन सदस्य राष्ट्रले एक्लिएको महसुश गरेका थिए। त्यसैले यदि विकल्प नै दिने हो भने सार्कले भन्दा थप गतिशीलता र परिणाममुखी काममा बिमस्टेक जानुपर्छ। बैठक, सम्मेलन गर्ने र घोषणापत्रहरू जारी गर्नेमा मात्र सीमित हुनु हुँदैन।
बिमस्टेकको आगामी सम्मेलनका लागि अहिले अघि सारिएका कार्यक्षेत्रहरूमै जोड दिँदा राम्रो हुनेछ। चौथो शिखर सम्मेलनका प्राथमिकताका रूपमा आएका सडक सञ्जाल, ऊर्जा, व्यापार विस्तार, जलवायु परिवर्तन र शान्ति सुरक्षाजस्ता विषय सान्दर्भिक छन्। यी क्षेत्रमा एकीकृत र संगठित रूपमा काम गर्न सक्ने हो भने यसले बिमस्टेकका सबै सदस्य राष्ट्रहरूको हित प्रवर्द्धन गर्नेछ किनभने यी नै सबै देशका साझा खाँचा पनि हुन्।
ऊर्जाको खाँचो सम्भवतः यस क्षेत्रका सबै राष्ट्रमा छ। कुनै देशमा बढी भएको अवस्था छ भने पनि सहज रूपमा किनबेच र सामूहिक लगानीको वातावरण बनाउने पनि यस्तै साझा र क्षेत्रीय संगठनहरूले नै हो। त्यसैले ऊर्जाको सामूहिक उत्पादन गर्ने र एक अर्को देशले निर्बाध रूपमा किनबेच गर्न पाउने सम्झौता गर्न सके राम्रै हुनेछ। उत्पादनका साथै आयात निर्यातका लागि प्रशारण लाइन निर्माण गर्दा यसले अरू देशका साथै नेपाललाई पनि फाइदा पुग्नेछ। अहिलेका जलविद्युत् आयोजनाहरू समयमै सम्पन्न भए भने अबका केही वर्षपछि नेपालले पनि बिजुली बेच्नसक्ने हैसियत बनाइसक्नेछ। त्यसबेला नेपाललाई बिजुलीको अन्तर्राष्ट्रिय बजारको खाँचो हुनेछ। त्यसैले नेपालले पनि यस विषयमा जोड दिनु आवश्यक छ।
त्यसैगरी, स्वतन्त्र व्यापार यस क्षेत्रको अर्को व्यावहारिक खाँचो हो। हुन त बिमस्टेकले यसअघिका सम्मेलनमा पनि बङ्गालको खाडी वरपरका क्षेत्रमा स्वतन्त्र व्यापारको अवधारणा ल्याएको थियो। यस कार्यक्षेत्रमा सामूहिक रूपमा अघि बढ्ने लिखित प्रतिबद्धता उनीहरूले गरेका हुन्। व्यापारमा भूगोल र दिल खुला गर्न सक्दा मात्र सबैलाई फाइदा हुनेछ। यस क्षेत्रमा आयात र निर्यातमुखी अर्थतन्त्रका देश छन्। यस कार्यलाई सार्थक बनाउने प्रभावकारी साधन र माध्यम भनेको सडक सञ्जाल नै हो। व्यापारिक र संयुक्त एवं वैदेशिक लगानीको प्रयोजनका लागि सडक सञ्जालले यस क्षेत्रलाई जोड्न नै जरूरी छ किनभने यस बिमस्टेकभित्रका देशहरू भू-परिवेष्ठित र सामुद्रिक दुबै छन्। यसरी दुवैको हितमा काम गर्दा समुद्र र भू-सतहका राष्ट्रको हित र खाँचाको मापन पनि गर्नुपर्छ। सडक सञ्जालले सबै देशलाई जोड्न सकिएमा यी दुवै खाले राष्ट्रको हित गर्नेछ।
त्यसैगरी बिमस्टेकमा पर्वतीय र सामुद्रिक देशहरू रहेकाले जलवायु परिवर्तनका कारण पहाड र समुद्रमा पर्ने फरक प्रकृतिका प्रभावका बारेमा बिमस्टेकमा पनि व्यापक अनुसन्धान र काम हुन जरूरी छ। आगामी शिखर सम्मेलनमा यस क्षेत्रलाई पनि प्राथमिकतामा राख्ने काम हुनुपर्दछ किनभने हिमालय हिन्दकुश क्षेत्रमा जलवायु परिवर्तनको असर अन्यत्रको भन्दा बढी देखिएका तथ्यहरू बाहिर आएका छन्। त्यसैले पनि यस क्षेत्रमा गहन अनुसन्धान र यसको हानी न्यूनीकरणमा सामूहिक सहकार्य जरूरी छ।
सार्कको स्थापनाका दुई दशकताका एउटा प्रश्न गर्ने गरिन्थ्यो - क्षेत्रीय सङ्गठनका रूपमा सार्कले दुई दशक काम गर्दा पनि दक्षिण एशियामा किन गरीबी हटेन त ? कूटनीतिक क्षेत्रमा यस प्रश्नप्रतिको अर्को प्रतिप्रश्न यसरी गरिन्थ्यो - त्यसो भए शान्ति स्थापनाको मुख्य उद्देश्य राखेर जन्मिएको संयुक्त राष्ट्र सङ्घ पछि पनि के विश्वमा शान्ति छाएको छ त ? यी दुवै प्रश्न सही हुन्। तर उत्तर निकै जटिल छ। यस्तो प्रश्न भोलि बिमस्टेकलाई पनि आउन सक्छ। त्यसैले जवाफका लागि सहकार्य, एकता र आत्मीयताका साथ यस्ता क्षेत्रीय सङ्गठनहरूले काम गर्नुपर्छ। अन्यथा बडापत्र एकातर्फ र घोषणापत्र अर्कोतर्फ हुने खतरा सधैं जीवितै रहन्छ।

# ईपीजीको प्रतिवेदनले सम्बन्धलाई थप मजबुत बनाउँछ

नेपाल–भारतको सम्बन्ध जति प्रगाढ छ, त्यसलाई अझ सुमधुर बनाउने हाम्रो प्रयास हो । विगतमा भएका सन्धी-सम्झौता, व्यापार, जलविद्युत्लगायत अन्य विभिन्न विषयहरू यो प्रतिवेदनमा समावेश गरिएको छ ।



डा. भेषबहादुर थापा
पराराष्ट्रविद्

**० नेपाल-भारत प्रवुद्ध समूह ( ईपीजी)ले तयार पारेको प्रतिवेदन दुवै देशका प्रधानमन्त्रीलाई बुझाउन किन ढिलाइ भएको हो ?**
– प्रतिवेदन बुझाउन ढिलाइ भएको छैन किनभने हामीले भर्खरै काम सकेका हौं । दुवै देशका प्रधानमन्त्रीहरूको पनि व्यस्तता छ । उहाँहरूले समय नदिइकन हामीले बलजफ्ती गर्ने कुरा पनि आउँदैन । प्रक्रिया सुरूवात भइसकेको छ, केही समयमा हामी यो काम पुरा गर्नेछौं ।

**० कहिलेसम्म बुझाउनुहुन्छ होला ?**
– हामी त तयार भएर बसेका छौं । लेखाइको प्रक्रिया सकिसक्यो अब छपाईको प्रक्रिया अगाडि बढिरहेको छ । प्रतिवेदन तयार भइसकेको छ तर त्यो बुझाउने समय तालिका तय भएको छैन ।

**० इपीजीले तयार पारेको प्रतिवेदनमा के-कस्ता विषयहरू समेटिएको छ ?**
– प्रतिवेदनको बारेमा नेपाली र भारतीय दुवै पक्षले अन्तिम विन्दुमा पुगेर सहमति गरेको छ । यसको गठन दुइवटै प्रधानमन्त्रीको संयुक्त प्रेस विज्ञप्ति मार्फत भएको हो । त्यसले गर्दा उहाँहरूलाई यो प्रतिवेदन नबुझाएसम्म यसमा भएका विषयहरूको बारेमा कुरा बाहिर नल्याउने भन्ने सहमति भएको छ । जुन दिन प्रधानमन्त्रीज्यूहरूलाई हामीले बुझाउँछौं, त्यसपछि त्यसमा भएका विस्तृत कुराहरूको जानकारी हुन्छ ।

**० यो प्रतिवेदन सार्वजनिक भइसकेपछि दुई देशको सम्बन्धनमा कस्तो आयाम आउँला ?**
– नेपाल-भारत सम्बन्ध, विभिन्न समयमा भएका सन्धीदेखि अन्य आधारहरू पुनरावलोकन गरेर अध्यावधि गर्ने, समयानुकुल गर्ने र दुई देशको सम्बन्धलाई अझ प्रगाढ गर्ने लक्ष्यका साथ यो प्रतिवेदन तयार गरिएको छ । यसमा कुन कुरालाई अत्यावधि गर्नुपर्छ, के के थप्नुपर्छ भन्ने कुराको बारेमा दुई वर्ष लगाएर हामीहरूले प्रतिवेदन तयार पारेका छौं । त्यसैले नेपाल–भारतको सम्बन्ध जति प्रगाढ छ त्यसलाई अझ सुमधुर बनाउने हाम्रो प्रयास हो । विगतमा भएका सन्धी-सम्झौता, व्यापार, जलविद्युत्लगायत अन्य विभिन्न विषयहरू यो प्रतिवेदनमा समावेश गरिएको छ ।

**० यो प्रतिवेदन सार्वजनिक भएपछि दुई देशको सम्बन्ध अझ प्रगाढ हुने भन्नेमा विश्वस्त हुनुहुन्छ ?**
– उद्देश्य नै त्यही हो । दुईटै देशका प्रधानमन्त्रीले दिनुभएको निर्देशनको मूलभूत आधार, अहिलेसम्म भएको गतिविधिलाई हेरेर कतिपय विषयहरू परिवर्तन भएको छ । प्रतिवेदनमा कतिपय विषय पुरानै छन् भने कतिपय कुरा थपिएका छन् । सम्बन्धको आधारमा सन् १९५० पछिको यो ७० वर्षभित्रमा त धेरै उतार-चढाव भईसकेको छ । त्यसैलाई निरन्तरता दिएर सम्बन्धलाई सुधार्ने र विभाजित विषयहरूमा समाधानको बाटो खोज्ने मुख्य उद्देश्य रहेको छ । त्यही अनुकुलको प्रतिवेदन तयार भएको छ ।

**० यो प्रतिवेदन तयार गर्दा के कस्ता समस्या झेल्नुपऱ्यो ?**
– कतिपय कुराहरू त धेरै पुराना भएर स्वतः अव्यवहारिक भइसकेका छन् । सीमा नाकामा अपराधिक गतिविधि बढेको छ, व्यापार घाटा बढेर गएको छ त्यस्तै अन्य विभिन्न समस्याहरू छन् । ती विषयहरू कहाँ, के, कति जोड-घटाऊ गर्ने भन्ने कुराको लेखाजोखा गरेर एउटा नयाँ आयामको सुरूवात गर्दै सम्बन्धलाई अझ प्रगाढ बनाउने हाम्रो चाहना हो ।

**० यो प्रतिवेदनलाई दुई देशका सरकार प्रमुखले कार्यान्वयन गर्छन् भन्नेमा कति आशावादी हुन सकिन्छ ?**
– दुई देशका प्रधानमन्त्रीले सहमति जनाएर यो प्रक्रियाको सुरूवात भएको थियो । उहाँहरूले त्यो प्रतिवेदन पढेर कुन रूपमा अगाडि बढाउने, कुन रूपमा कार्यान्वयन गर्ने, कुन प्रक्रियाबाट विद्यमान समझदारीका आधारहरूलाई कसरी संशोधन वा परिमार्जन गर्ने भन्ने कुरा सरकार प्रमुखहरूमा निर्भर गर्छ । हाम्रो काम त सुझाव दिने हो । सुझाव सुधारन्मुख छ भन्ने हाम्रो विश्वास हो ।

**० अर्थात् यो प्रतिवेदन सरकार प्रमुखहरूलाई दिइएको सुझाव मात्र हो ?**
– प्रतिवेदन कार्यान्वयन त दुईवटा देशको सरकारले गर्छ । सन्धी सम्झौताहरू त संसद बैठकबाट पारित गर्नुपर्ने हुन्छ प्रक्रिया लामो छ, हामीले त थालनी मात्र गरेका हौं ।

**० नेपालमा यस्ता प्रतिवेदनहरू धेरै तयार गरिन्छ तर कार्यान्वयन पक्ष अलि फितलो देखिन्छ यो प्रतिवेदन कार्यान्वयन होला ?**
– हामीले त पवित्र उद्देश्य राखेर सम्बन्ध सुधारको आयामको खोजी गरेका हौं । त्यसमा दुवै समूहले एउटै पक्ष भएर प्रतिवेदन तयार पारेका छौं । त्यसले गर्दा नेपाल र भारतको दृष्टिकोणको भिन्नता प्रतिवेदनमा देखिदैन । यो हाम्रो सामूहिक प्रयास हो । हामीले समेटेका सबै विषलाई सरकारले स्वीकार गर्ला भनेर पनि अपेक्षा नगरौं तर दुई देशले चाहेको उद्देश्य अनुकुल प्रतिवेदन तयार भएको हुनाले त्यसको सान्दर्भिकतामा दुवै राष्ट्रका प्रमुखहरूले ध्यान देलान् भन्ने हाम्रो अपेक्षा हो । दीर्घकालीन समस्या समाधानको बाटोको खोजीमा यो प्रतिवेदन तयार भएको छ । जुन तहको संलग्नताबाट यसको जन्म भएको छ, त्यो भन्दा माथि कार्यकारीमा अर्को तह छैन । भारतमा प्रधामन्त्री नरेन्द्र मोदी र नेपालमा केपी ओली प्रधानमन्त्री भएकै समयमा यो ईपजीको सुरूवात भएको हो र अहिले पनि उहाँहरू नै प्रधानमन्त्री हुनुहुन्छ । त्यसैले यो प्रतिवेदनलाई महत्वका साथ लिनुहुन्छ भन्ने हाम्रो विश्वास रहेको छ ।

**० नेपाल-भारत सीमामा परिचयपत्र लागू गर्ने भन्ने विषय पनि बाहिर आएको छ, वास्तविकता के हो ?**
– यो कुरा प्रतिवेदनमा समावेश भएको छ कि छैन भन्ने विषयमा अहिले नजाऔं । किनकी प्रतिवेदन बाहिर नआउन्जेल बाहिर बोल्न मिल्दैन । जुन खुल्लापन भारत र नेपालको बीचमा छ, त्यसमा आघात नपुग्ने लक्ष्य हामीले प्रतिवेदन तयार गर्दा अबलम्वन गरेका छौं । तर, त्यस क्षेत्रमा देखिएका समस्याहरू, अपराधिक क्रियाकलाप, चेलिबेटी बेचबिखन लगायतका अन्य क्रियाकलापहरू जुन पहिले त्यति हुँदैनथ्यो अहिले बढ्दै गएको छ । ती विषयलाई पनि सम्बोधन गर्नुपर्ने भएको हुनाले जे कुरा समावेश भएको छ, त्यो बाहिर आएपछि नै थाहा हुन्छ । तर, दुई देशको निकटतामा बाधा पुग्ने कुनै विषय प्रतिवेदनमा समेटिएको छैन ।

**० ईपीजीमा तराई-मधेशका व्यक्तिलाई पनि समेट्न सक्नुपर्दथ्यो भनेर पनि गुनासो हुने गरेको छ, के भन्नुहन्छ ?**
– त्यो गुनासोलाई प्रबुद्ध समूहले सम्बोधन गर्ने होइन । गठन गर्ने व्यक्तिहरूको निष्कर्ष हो । जो परे पनि कि नेपाली छन कि भारतीय । दुवै राष्ट्रले छानेका व्यक्तिहरू नै परेका हुन् । यसलाई संकीर्ण दृष्टिकोणबाट हेर्नु उचित नहोला ।

**० नेपालमा बिमस्टेकको चौथौ शिखर सम्मेलन भइरहेको छ, यसबाट नेपालले कसरी लाभ लिन सक्छ?**
– बिमस्टेकले तय गरेका १४ प्राथमिकताहरू मध्ये व्यापार र लगानी, यातायात र सञ्चार, उर्जा, पर्यटन, प्रविधि, माछापालन र कृषि, जनस्वास्थ्य, गरिबी निवारण, प्रतिआतंकवाद, सीमापार आतंकवाद नियन्त्रण, वातावरण र प्राकृतिक प्रकोप नियन्त्रण, संस्कृति प्रवर्द्धन, जलवायु परिवर्तन र जनता-जनता बीचको सम्बन्धबाट नेपालले लाभ लिन सक्ने प्रसस्त सम्भावना छ । यसका लागि कुशल कुटनीतिको आवश्यक्ता छ । नेपालले शिखर सम्मेलन सफलतापूर्वक सम्पन्न गरेर मात्र हुँदैन यसका लागि सदस्य राष्ट्रहरूबीच कनेक्टिभिटिलाई पनि जोड दिनुपर्छ ।

**० बिमस्टेकका कारण सार्क ओझेलमा परेको हो?**
– विगतमा भन्दा यस पटक बिमस्टेक सम्मेलनको चर्चा अलि बढी छ । साथै चिन्ता र चासो पनि बढेको छ कि कतै बिमस्टेकलाई अगाडि बढाएर दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) लाई 'माइनस' गरिने त होइन ? किनभने सन् २०१६ मा पाकिस्तानमा हुने भनिएको सार्कको १९ औं सम्मेलन अहिले पनि अनिश्चित नै छ । सम्मेलनमात्र होइन, सार्कको भविष्य नै अन्धकारतर्फ धकेलिँदै गइरहेको छ कि भन्ने चिन्ता र चासो पनि बढेको छ । तर बिमस्टेकको सम्मेलन हुँदैमा सार्कलाई बिर्सिएको वा यसलाई कमजोर बनाइएको पनि ठान्नु हुँदैन । किनभने सार्कका ५ सदस्यहरू बिमस्टेकका पनि सदस्य छन् । त्यसैले बिमस्टेकले सार्कलाई आझेलमा पारेको भन्न मिल्दैन । चार बर्षपछि बिमस्टेक सम्मेलन हुन लागेको छ । यो स्वभाविक प्रक्रिया हो, तर अर्को पक्ष पनि छ, यदि सार्क सम्मेलन समयमा नै भएको भए अहिले नै बिमस्टेक सम्मेलन नहुन पनि सक्थ्यो ।




सत्यनारायण मण्डल
उपाध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल

# शहीद परिवारलाई ५० लाख दिइनेछ

मधेशमा अहिले तीनवटा पक्ष देखिएका छन् । एउटा पक्ष छ, जो तराई मधेशलाई अलग राष्ट्र बनाउन लागेको छ । दोस्रो पक्ष फोरम नेपाल हो जो सरकारमै सम्मिलित छ । उसले सत्तापक्षको धर्म निर्वाह गर्दै आएको छ । तर, तेस्रो पक्ष राजपा नेपाल हो जो संघीय संसदमा तेस्रो ठूलो पार्टीको रूपमा स्थापित छ । त्यसैले राजपाले मधेशभरिका सबै शहीद परिवारहरू र घाइतेहरूको एउटा अभिलेख बनाएर नेपाल सरकारलाई बुझाएको छ ।

**० राष्ट्रिय जनता पार्टी नेपालले आफ्ना स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरूसँग छलफल गर्नुपर्ने आवश्यक्ता किन पऱ्यो ?**
– करसम्बन्धी विभिन्न किसिमका प्रावधान र ऐन हुँदाहुँदै पनि तीनै तहका सरकारले अनावश्यक, अव्यावहारिक र अवैज्ञानिक तरिकाले लगाएको करलाई कसरी नियन्त्रण गर्न सकिन्छ, कसरी वैज्ञानिक र व्यवहारिक बनाउन सकिन्छ र जनतामाथि भार नथपिने गरी कर निर्धारणसम्बन्धी विषयमा राजपा नेपालले आफ्ना स्थानीय प्रतिनिधिसँग छलफल गरेको हो । यसैगरी, मुलुकका अन्य समसामयिक विषयहरूमा पनि नीति, निर्देशन, समन्वय लगायतका विषयमा आवश्यक ठानेको हुनाले पार्टीले आफ्ना स्थानीय तहका जनप्रतिनिधि र प्रतिनिधिसभाका सदस्यहरूसँग संयुक्त छलफल गरेको हो ।

**० छलफलको मुख्य निचोड के रह्यो ?**
– राजपाले आफ्ना स्थानीय प्रतिनिधिहरूसँग राय परामर्श लियो । त्यसपछि आपसमा छलफल गरेर हामीले विभिन्न विषयहरूमा निष्कर्ष निकाल्यौं । राष्ट्रब्यापीरूपमा अहिले करसम्बन्धी विभिन्न किसिमका असन्तुष्टि देखिएको छ । त्यस लाई कसरी हटाउने भन्नेमा नै छलफल केन्द्रित रह्यो । हामीले एउटै किसिमका करलाई दोहोराई तेहराई नलिने निष्कर्षमा पुग्यौं । जनतालाई थप भार नपर्ने गरी कर निर्धारण गर्ने राजपाले आफ्ना स्थानीय तहका जनप्रतिनिधिहरूलाई निर्देशन दिएको हो । यस्तै, कृषि क्षेत्रमा किसानलाई सहज, सुलभ र सुपथ मूल्यमा मलखाद उपलब्ध गराउन सम्बन्धित निकायसँग समन्वय गरी व्यवस्था गर्ने, शहीद परिवारका एक सदस्यलाई रोजगारको व्यवस्था गर्न शीघ्र आवश्यक कदम चालिने निर्णय गरेको छ । हामीले शहीद परिवारलाई रोजगारी दिने निर्णय गरेको भोलीपल्टै प्रदेश २ का सरकारले एकजना शहीद परिवारका सदस्यलाई रोजगारी दिएको छ । यसैगरी विभिन्न किसिमका महत्वपूर्ण निर्णयहरू समेत गरेको छ ।

**० शहीद परिवारलाई रोजगारीको कुरा गर्नुभयो, तर तपाईंहरूले आन्दोलनका बेला शहीद परिवारलाई ५० लाख दिने घोषणा गर्नुभएको थियो, त्यो कहाँ हरायो त ?**
– शहीद परिवारलाई ५० लाख दिने भन्ने कुरामा हामी अहिले पनि प्रतिबद्ध छौं । अहिले भर्खर प्रदेश २ मा हाम्रो सरकार बनेको छ । मधेशका आन्दोलनका सम्पूर्ण शहीदहरूको मूल्यांकन राजपाले गर्छ । प्रदेश २ मा राजपा र फोरमको संयुक्त सरकार रहेकोले दुवै पार्टीबीच समन्वय गरेर निष्कर्ष निकाल्छौं । तर, हाललाई शहीद परिवारको भरणपोषणका लागि एक जनालाई रोजगारी दिने, सम्मान र सहयोग गर्ने भनेर हामीले सुरूवात गरिसकेका छौं । त्यसैले शहीद परिवारलाई ५० लाख दिने कुरा हामीले बिर्सेका छैनौं ।

**० भनेपछि तपाईंहरूले गर्नुभएको प्रतिबद्धता पूरा हुन्छ ?**
– एकदमै पूरा हुन्छ, नगर्ने त कुरै छैन । प्रदेश २ मा हाम्रो संयुक्त सरकार भएको हुनाले हामीले यस विषयमा गहन छलफल गरिरहेका छौं । जबसम्म हामीले ५० लाख दिने निर्णय गर्दैनौं तबसम्म शहीद परिवारलाई रोजगारी दिने, उनीहरूका बालबच्चाहरूलाई राम्रो शिक्षाको व्यवस्था गर्ने लगायतका कामहरू हामीले गरिरहेका छौं ।

**० प्रदेश २ मा राजपा र फोरमको संयुक्त सरकार छ र दुवै दलले नै ५० लाख दिने प्रतिबद्धता गरेको थियो । त्यसो भए ५० लाख पाउन समस्या छैन ?**
– हामीले घोषणा गरेको ५० लाख दिने कुरामा कसैको खल्तीबाट दिने विषय होइन । सो रकम प्रादेशिक सरकारको ढुकुटीबाट दिइनेछ । सो रकम दिनका लागि प्रादेशिक सरकारको निर्णय हुनुपर्छ । सरकारमा रहेका दुई दल मात्रै होइन अन्य दलहरूसँग पनि आवश्यक समन्वय गरेर यो निर्णय गर्नुपर्नेछ । किनभने प्रदेश सरकारको ढुकुटीबाट सो रकम दिइने भएकोले सबै पक्षसँग विस्तृतरूपमा छलफल गरेर त्यो ५० लाख निकासा गरिनेछ ।

**० तपाईंहरूले प्रदेश २ का शहीद परिवार तथा घाइतेहरूको बारेमा निर्णय गर्दै हुनुहुन्छ तर अन्य प्रदेशमा रहेका मधेश आन्दोलनका शहीद परिवार तथा घाइतेहरूका लागि के सोच्नुभएको छ ?**
– यो देशमा राजपा नेपाल मात्र एउटा पार्टी हो जसले यी सबै कुराको जिम्मा लिएको छ । किनभने मधेशमा अहिले तीनवटा पक्ष देखिएका छन् । एउटा पक्ष छ, जो तराई मधेशलाई अलग राष्ट्र बनाउन लागेको छ । दोस्रो पक्ष फोरम नेपाल हो जो सरकारमै सम्मिलित छ । उसले सत्तापक्षको धर्म निर्वाह गर्दै आएको छ । तर, तेस्रो पक्ष राजपा नेपाल हो जो संघीय संसदमा तेस्रो ठूलो पार्टीको रूपमा स्थापित छ । त्यसैले राजपाले मधेशभरिका सबै शहीद परिवारहरू र घाइतेहरूको एउटा अभिलेख बनाएर नेपाल सरकारलाई बुझाएको छ । त्यस्तै, हामीले आफ्ना मागहरू पूरा गराउन, राजबन्दीहरूको रिहाइ, सांसद रेशमलाल चौधरीको शपथ ग्रहण लगायतका विषयमा निरन्तर सरकारलाई घच्घचाइरहेका छौं । हामीले उठाइरहेका मुद्दा प्रदेश २ का लागि मात्र नभई नेपालका उत्पीडित र उपेक्षित हरेक जनताका लागि हो ।

**० राजपाले अर्को वर्ष महाधिवेशन गर्ने भनेको छ, तर तयारी केही देखिएको छैन नि ?**
– अनौपचारिकरूपमा हामीले महाधिवेशनको तयारी गरिरहेका छौं । मेचीदेखि महाकालीसम्म, वडादेखि गाउँ, जिल्ला, क्षेत्र र केन्द्रसम्म आवश्यक छलफल र बहस गरिरहेका छौं । तर, अहिलेसम्म हामीले महाधिवेशनका लागि विधान स्वीकृत गर्न सकिरहेका छैनौं । त्यो विधान आउने बित्तिकै औपचारिक रूपमै महाधिवेशनको तयारी हुन्छ । हामीलाई आशा र विश्वास छ कि २०७६ बैशाख ७, ८ र ९ गते राजपा नेपालको महाधिवेशन सम्पन्न हुनेछ ।

**० महाधिवेशनका चाहिने विधान कहिलेसम्म स्वीकृत हुन्छ त ?**
– हामीले जसरी आफ्ना प्रतिनिधिसभा सदस्य र स्थानीय तहका प्रतिनिधिसँग छलफल गरेर विभिन्न निष्कर्षहरू निकाल्यौं त्यसरी नै अब हामी छिट्टै नै विधान पनि स्वीकृत गर्छौं । हाम्रा अध्यक्षमण्डलका सदस्यहरू कार्य विशेषले काठमाडौं बाहिर हुनुहुन्छ, सबै जना उपस्थित हुने बित्तिकै विधान स्वीकृत हुन्छ र नियमावली बनाएर हामी महाधिवेशनको अखाडामा उत्रिन्छौं ।

**० अहिले नेपालमा भइरहेको बिमिस्टेकलाई राजपाले कसरी हेरिरहेको छ ?**
– बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमिस्टेक)को यो चौथो शिखर सम्मेलनलाई राजपा नेपालले सकारात्मक रूपमा लिएको छ । यो सम्मेलनबाट नेपालको आर्थिक विकासका मुद्दाहरूबारे छलफल हुँदैछ । नेपालसँग प्रचुर मात्रामा रहेको सम्भावनालाई कसरी सदुपयोग गर्न सक्छ भन्ने त्यो एउटा महत्वपूर्ण पाटो हो । यो सम्मेलन नेपालको हितमा रहेको छ । अहिले भारतबाट एक्सप्रेस वे बंगलादेश, थाइल्यान्ड हुँदै सिंगापुरसम्म जान्छ । यसप्रकारले नेपाललाई सबै मुलुकसँग जोड्ने यो एक्सप्रेस वे बनाउने जुन तदारूकता देखाएको छ यो एउटा महत्वपूर्ण पाटो हो । यसलाई नेपालले रणनीतिकरूपमा सदुपयोग गर्न सक्यो भने नेपालको द्रूततर गतिमा विकास हुन्छ । त्यसैले राजपा नेपालले यो बिमिस्टेक सम्मेलनलाई सकारात्मक रूपमा लिएको छ र सफलताको कामना पनि गर्दछ ।

**० बिमिस्टेक सम्मेलनकै क्रममा छिमेकी मित्रराष्ट्र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो एकै कार्यकालमा चौथो पटक नेपाल आउँदै हुनुहुन्छ । खासगरी भारतीय प्रधानमन्त्री मोदीको यो चौथो भ्रमणबाट नेपाल-भारत सम्बन्धमा कस्तो आयाम ल्याउनेछ ?**
– नेपाल र भारतको बीचमा सांस्कृतिक, आर्थिक, सामाजिक, राजनीतिक सम्बन्ध छ । यस्तो सम्बन्ध दुनियाँमै अतुलनीय छ । कहीं पनि सीमा खुला भएको अर्थतन्त्र, राजनीतिक सामिप्यता छैन । अर्को कुरा नेपाल ८४ हजार मेगावाट बिजुलीको सम्भावना भएको देश हो । बिजुली कसरी निकाल्ने, नेपाललाई कसरी आर्थिक रूपमा सम्पन्न गराउने र बिजुली भारतमा मात्रै आदान प्रदान गर्ने होइन यो विषयमा बिमिस्टेकमा पनि छलफल हुनेछ । भारत एउटा मित्रको नाताले नेपालको आर्थिक विकासमा कसरी सहयोग गर्न सकिन्छ भन्ने कुरामा सदास्यता देखाउँदै आएको छ । त्यसैले भारतीय प्रधानमन्त्री मोदीको यस पटकको भ्रमणबाट नेपाल र भारतको सम्बन्ध पहिलाभन्दा पनि कसिलो, दृढ र प्रगाढ हुनेछ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# तस्वीरमा चौथो बिमस्टेक सम्मेलन



भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई विमानस्थलमा स्वागत गर्दै उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल ।



बंगलादेशका प्रधानमन्त्री शेख हसिनालाई स्वागत गर्दै उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल ।



थाइल्याण्डका प्रधानमन्त्री प्रयुत चान ओ चालाई विमानस्थलमा स्वागत गर्दै उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल।



भुटान सरकारका अन्तरिम सल्लाहकार दासो छिरिंगसँग भेटवार्ता गर्दै प्रधानमन्त्री केपी शर्मा ओली ।



म्यानमारका राष्ट्रपति विन मिन्टसँग भेटवार्ता गर्दै प्रधानमन्त्री केपी शर्मा ओली ।



श्रीलंकाका राष्ट्रपति मैत्रीपाला सिरिसेनालाई स्वागत गरिँदै ।



राष्ट्रपति भवन शीतलनिवासमा राष्ट्रपति विद्या भण्डारी र प्रधानमन्त्री केपी शर्मा ओलीसँग सामूहिक बैठकमा बिमस्टेक सदस्य राष्ट्रहरूक प्रतिनिधिहरू ।




बिमस्टेक सम्मेलनको उद्घाटन सत्रमा बिमस्टेक सदस्य राष्ट्रहरूका सरकार तथा राष्ट्र प्रमुखहरू ।



राष्ट्रपति विद्यादेवी भण्डारीसँग राष्ट्रपति भवन शीतल निवासमा बिहीबार संयुक्त भेटवार्तापछि सामूहिक तस्विर ।



भारतीय समकक्षीलाई स्वागत गर्दै प्रधानमन्त्री ओली ।



उद्घाटन मन्तव्य व्यक्त गर्दै प्रधानमन्त्री केपी शर्मा ओली ।

# लालबकैया नदीको पुल निर्माण नहुनुमा दोषी को ?



राकेश यादव, रौतहट । रौतहट जिल्लाको गौर टिकुलियास्थित लालबकैया नदीको पुल निर्माण हुँदा डुंगाबाट आवातजावत गर्नुपर्ने बाध्यता एक वर्षको होइन, वर्षौंदेखिको निरन्तरता हो । जहिले पनि नदी पार गर्दा दुर्घटना हुने गरेको समाचारहरू आइरहन्छन् ।
गत शनिबार डुंगा दुर्घटना हुँदा जनधनको क्षति भयो । यसबारे संसददेखि सडकसम्म आवाज उठ्यो । मृतक परिवारलाई स्थानीय र प्रदेश सरकाले क्षतिपूर्ति दिने घोषणासमेत गऱ्यो तर घटना घटन नदिन ठोस कदम चालेको देखिएन । पुल निर्माणको जिम्मा पाएका कम्पनीविरूद्ध नारा जुलुससमेत निकालियो ।
प्रदेश २ को मुख्यमंत्री महमद लालबाबू राउत गद्दीले गौर टिकुलिया स्थित लालबकैया नदीमा भएको डूंगा दुर्घटनामा ज्यान गुमाएका परिवारलाइ तत्काल राहत स्वरूप जनहि २ लाख २५ हजारका दरले उपलब्ध गराउने घोषणा गरेका छन् ।
स्थलगत निरीक्षण अनुगमन गर्न घटना स्थल पुगेका मुख्यमन्त्री राउतले गौर नगरपालिका वडा नंबर ४ टिकुलियामा आयोजित श्रद्धान्जली सभामा घटनाप्रति दुःख व्यक्त गर्दै मृतक परिवारलाई २ लाख रूपैयाँ क्षतिपूर्ति वापत तथा २५ हजार क्रिया खर्च वापत प्रदेश सरकारले सहयोग दिने घोषणा गरेका हुन् ।
डूंगा दुर्घटनामा घाइते भएकालाइ उपचार वापत २५ हजार दिने उदघोष गर्दै मुख्यमन्त्री राउतले बेपत्ता भएकालाई तदारूकताको साथै खोज तलाश गर्नका लागि स्थानीय प्रसाशनलाई निर्देशन समेत दिए । गौर औरैया सडक खण्डमा पर्ने लालबकैया नदीमा निर्माणाधीन पुलको पिलरमा ठोकिदा गत शनिवार डूंगा दुर्घटना भएको थियो ।
दुर्घटनाको दोषी निर्माण कम्पनी पपु कन्स्ट्रक्सन भएको विषयमा मुख्यमन्त्री राउतले यो पुलको योजना संघीय सरकारको रहेको हुदा पुलको अहिलेसम्म के कुन कारणले सम्पन्न हुन नसकेको भन्ने विषयमा विस्तृत रूपमा अध्ययन गरी प्रधानमन्त्रीसित यस विषयमा कुरा गर्ने आश्वासन दिएका हुन् ।
मुख्यमन्त्री राउतले भने यो गंभीर विषय हो अहिले नै दोषी भन्न गार्हो छ । दोषीलाइ कार्यवाही हुने बताउँदै मुख्यमन्त्री राउतले यसको विषयमा गहन रूपमा छानविन गर्ने बताए ।
संघीय समाजवादी फोरम नेपालको प्रतिनिधि सभा सदस्य समेत रहेका हरिनारायण रौनियारको निर्माण कम्पनी रहेकोले लापरवाहीको कारण २०७४ आषाढ़ २५ गते सम्म निर्माण कार्य संपन्न हुनु पर्ने पुलको अहिले सम्म पिलर मात्र तयार भएको अवस्था रहेको छ । मुख्यमन्त्री राउतले पपु कन्स्ट्रक्सनसँग सरोकार नभएको पहिला नै संसद रौनियारले प्रस्ट गरी राजनीतिमा आएको जिकिर गरे ।
स्थानीयहरूले ठेकदारको लपरवाहिले गर्दा मानवीय क्षति भएकोले निर्माण कम्पनी माथि क़ानूनी कार्यवाही हुनु पर्ने मांग गरेका छन । तत्कालीन प्रधानमंत्री सुशिल कोइरालाले शिलान्यास गर्नु भएको सो पुलको २०७१ आषाढ़ १६ गतेमा समझौता भएको थियो ।
२२५ मीटर लामो ७ दशमलव २ मीटर चौड़ा भएको पुल निर्माण कम्पनीले २०७४ आषाढ़ २५ गते सम्ममा निर्माण कार्य संपन्न गरी हस्तानांतरण गर्ने भनी १६ करोड़ ८६ लाख ९ हजार ६ सय ८० रूपैया २९ पैसामा ठेक्का सकार गरेको थियो ।
अनुगमन निरिक्षणमा प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मंत्री ज्ञानेन्द्र यादव , प्रतिनिधि सभा सदस्य अनिल कुमार झा , कृषि , भूमि व्यवस्था तथा सहकारी राज्यमंत्री योगेन्द्र यादव ,भौतिक पूर्वाधार राज्यमंत्री डाक्टर डिम्पल झा , प्रदेश सदस्य बाबूलाल साह ,गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ता , उपप्रमुख किरण ठाकुर , स्थानीय प्रशासन प्रमुख ,सुरक्षा निकायका प्रमुखहरूको सहभागिता रहेको थियो ।

**कारबाहीको माग गर्दै प्रदर्शन**

नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूले निर्माण कम्पनीको मालिकमाथि कारबाहीको माग गर्दै सोमबार सदरमुकाम गौरमा विरोध प्रदर्शन गरेका छन् । मृतक परिवारको क्षतिपूर्ति तथा निर्माण कम्पनी माथि क़ानूनी कार्यवाही गर्नु पर्ने प्लेकार्ड लिएर निस्केको विरोध रैली नगर परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालयमा गएर संघीय सरकारलाई ज्ञापनपत्र बुझाएको छ । स्थानीय नेता शम्भू साहको नेतृत्वमा निस्केको विरोध रैलीमा सहभागी भएका नेकपाका कार्यकर्ताहरूले पपु कंस्ट्रक्सन माथि कार्यवाही हुनु पर्ने, मृतक परिवारलाई क्षतिपूर्ति दिनु पर्ने, घाइतेको उपचार खर्च बेहोर्नु पर्ने नारा लगाएका थिए । प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजाललाइ बुझाइएको ज्ञापन पत्रमा पुल निर्माणमा लापरवाही गरेको कारण डूंगा दुर्घटना भएको उल्लेख गरिएको छ ।
समयमा पुलको निर्माण कार्य सम्पन्न नगरेकोले कालो सूचीमा राखेर कार्यवाही गर्नु पर्ने माग गरिएको छ ।

**पाँच जनाको मृत्यु**

रौतहट जिल्लाको गौर नगरपालिका वडा नम्बर ४ टिकुलिया घटमा भएको डूंगा दुर्घटनामा परी बेपत्ता भएकामध्ये सोमबार थप ३ जनाको शव बरामद भएको छ ।
घटनास्थलबाट करीब २२ किलो मीटरको दुरीमा भारतमा दुवै जनाको शव मृत अवस्थामा फेला परेको हो । अहिलेसम्म ४ जनाको शव भेटिसकेको छ भने १ जना इन्दु देवी पटेल हराइरहेको प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजालले बताएका छन् ।
सोमबार गौर नगरपालिका वडा नम्बर ३ मजकूटिया निवासी १४ वर्षीया उष्मा कुमारी पटेल, वडा नम्बर ४ निवासी ओमप्रकाश चन्द्रवंशीको शव भारतको मधुछपरा बेलवा घाटबाट बरामद भएको हो । यस अघि शान्ति देवी र रूना देवी पटेल को शव फेला परेको थियो ।
गत शनिबार साँझ करीव ७ बजेको समयमा टिकुलिया तर्फ आउने क्रममा निर्माणाधीन पुलको पिलरमा ठोकिएर डूंगा दुर्घटना भएको थियो । डूंगा दुर्घटनामा परी बेपता भएका एक जनाको शव ४ दिन पछि फेला परेको छ ।
दुर्घटना पछि खोज तलाशमा जुटेका नेपाल प्रहरी तथा भारतीय प्रहरीको सहयोगमा बेपता भएकी एक महिलाको शव घटनास्थल देखि करिव २२ किलोमिटरको दुरीमा बुधवार भारत विहार राज्यको बेलवा घाटमा उक्त महिलाको मृत शरीर बरामद भएको हो ।
डूंगा दुर्घटना हराएका ५ जनाको शव फेला परी सकेको प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजालले जानकारी दिएका छन । भारतीय प्रहरीको सहयोगमा टिकुलिया निवासी ४५ वर्षीय इन्दु देवी पटेलको शव भेटेको प्रहरी उपरीक्षक केदार प्रसाद ढकालले बताएका छन ।

**गौर नगरपालिकाले मृतका परिवारलाई १ लाख १५ हजार दिने**

रौतहट जिल्लाको गौर नगरपालिका वडा नम्बर ४ टिकुलिया घटमा भएको डूंगा दुर्घटनामा परी मृत्यु भएका परिवारलाई गौर नगरपालिकाले राहत स्वरूप १ लाख १५ हजार सहयोग दिने घोषणा गरेको छ ।
डूंगा दुर्घटनामा गौर नगरपालिका क्षेत्र भित्रका व्यक्तिको लागि मात्र राहत दिइने छ । घटनामा मृत्यु भएका मृतकाका परिवारको जनही राहत स्वरूप १ लाख र क्रिया खर्च बापत १५ हजार नगरपालिकाबाट दिइने नगर प्रमुख अजय कुमार गुप्ताले बताएका छन् ।
नगर प्रमुख गुप्ताको यो कार्य प्रसंशनीय भएको स्थानीयहरूले बताएका छन् । गौर नगरपालिकाले स्थानीय सरकारको पूर्ण अभ्यास गर्दै अघि बढिरहेका छन् ।
नगरपालिकाले बकरीद पर्वमा कार्यालय सहित ९ वटै वडा कार्यालयमा सार्वजानिक विदा दिएको थियो । स्थानीय सरकारको हैसियतले गर्नु पर्ने कार्य अहिले गौर नगरपालिकाका मेयरले व्यवहारमा लागू गर्दै अगाडी बढ्दै छन् ।

**किन पुल निर्माण भएन ?**

पुल निर्माणका लागि ठेक्का पाएका निर्माण कम्पनीले किन समयमा पुल निर्माण गर्न सकेन, सरकारले बजेट दिन्छ तर निगरानी किन गर्दैन, स्थानीय नेताहरूको चासो किन हुँदैन लगायतका कुराप्रति चाँसो हुनुपर्दछ । सरकारले लगानी गर्ने तर निगरानी नगर्ने कारणले गर्दा पनि यस्ता विकास निर्माणका कार्यहरू अलपत्र भएको देखिएका छन् । जनतासँग प्रत्यक्ष सरोकार राख्ने यस्ता विषयवस्तुहरूलाई राजनीतिक एजेन्डा बनाइनुपर्ने आवश्यक छ ॥ यदि निर्माण कम्पनीको गल्ती छ भने कारबाही हुनुपर्छ । के कारणले निर्माण पूरा हुनसकेन, किन बीचमै काम रोकियो लगायतका कारणहरू आउनुपर्दछ । अतः यस्ता डुंगा दुर्घटनाहरू नदोहोरियोस् भन्नेमा सम्बन्धित पक्षको ध्यान जाओस् ।

## “कांग्रेसका स्थानीय प्रतिनिधिले कर घटाउने”

विराटनगर । नेपाली काङ्ग्रेसका नेता एवं संसदीय दलका उपनेता विजयकुमार गच्छदारले आफ्नो पार्टी विजयी भएका स्थानीय तहमा कर घटाउने तयारी भइरहेको बताएका छन् । विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले अत्यधिकरूपमा लगाइएको करका कारण जनताले विभिन्न समस्या झेल्नु आरोप लगाए । गच्छदारले काङ्ग्रेसबाट विजयी भएका नगरपालिका र गाउँपालिका प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्षलाई विकास बजेट परिचालन र कर घटाउने विषयमा आगामी सोमबार काठमाडौँमा प्रशिक्षण कार्यक्रम गर्न लागिएको बताए ।

## कर विरूद्ध सर्वपक्षीय संघर्ष समिति

रबिन्द्र यादव, नवलपरासी (पश्चिम) । नवलपरासी पश्चिममा राष्ट्रिय जनता पार्टी नेपालको नेतृत्वमा कर वृद्धि विरूद्ध संघर्ष समिति गठन भएको छ । शनिवार आदर्श मा वि परासीमा सर्वपक्षीय बैठक बसी रामग्राम नगरपालिकाले जनताको ढाड सेक्ने गरि कर वृद्धि गरेको र भ्रष्टाचार तथा अनियमितता भएको भन्दै रामग्राम स्थानिय संघर्ष समिति गठन गरेको राजपा नेपालका जिल्ला सचिव रामआज्ञा पाण्डेले बताएका छन् । १५ सदस्यीय संघर्ष समितिका संयोजक नया शक्ति नेपाल नवलपरासीका अध्यक्ष अमिरूल्लाह मिया रहेका छन् । उक्त बैठक संघिय समाजवादी फोरमका जिल्ला अध्यक्ष धरेन्द्र यादवको अध्यक्षता रहेको थियो भने राजपा केन्द्रीय सदस्य पुरन चौधरीको प्रमुख अतिथ्यता रहेको थियो त्यसैगरी उक्त बैठकमा राजपा नवलपरासीका युवा नेता नगेन्द्र अग्रहरी, रामआज्ञा पाण्डे, रविप्रताप यादव, विरेन्द्र ठाकुर, रामकुण्डल यादव लगायतको सहभागिता थियो । समितिले रामग्राम नगरपालिकालाई ज्ञापनपत्र बुझाइ विभिन्न डाटा संकलन गर्ने जनाएको छ ।

## “गैरसरकारी संस्थाहरू पारदर्शी हुनुपर्ने”

मणि प्रसाद गैह्रे, कपिलवस्तु । गैर सरकारी संस्थाहरू पारदर्शी र समन्वयकारी हुनुपर्ने सरोकारवलाहरूले बताएका छन् । गैर सरकारी संस्थामहासंघ कपिलवस्तु शाखाले तौलिहवामा राखेको गैरसरकारी संस्थाहरूको आचार संहिता समिक्षा विषयक कार्यक्रममा सहभागिहरूले यस्तो बताएका हुन् । सो अवसरमा वोल्दै जिल्ला समन्यव समितिका संयोजक नारायण खनालले जिल्लामा गैर सरकारी संस्थाहरूले राम्रो काम गरे तापनि आवश्यक समन्यव नहुंदा कुनै नगर तथा गाउंपालिकाहरूका वडाहरूमा दोहोरपन आएको तथा कुनै वडाहरूमा कार्यकम पुग्न नसकेको उनले बताए । गैर सरकारी संस्थाहरू जिल्ला समन्यव समितिमार्फत समन्यव गरेर गएका कार्यकममा दोहोरपन नआउने तथा लक्षित क्षेत्रमा जनताले सेवापाउने समेत खनालले बताए ।

## नेपालीपनले मनायो तेस्रो वार्षिकोत्सव



काठमाडौं । नेपालीपन राष्ट्रिय साप्ताहिकले तेस्रो वार्षिकोत्सव मनाएको छ । दुई वर्ष पूरा गरी तेस्रो वर्षमा प्रवेश गरेको अवसरमा पत्रिकाले सोमबार आयोजना गरेको कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का वरिष्ठ नेता माधवकुमार नेपालले विकास निर्माणको काममा चरम लापरवाही हुँदै गएको बताएका छन् । उनले विकास निर्माणमा ठेकेदारले चरम लापरवाही गर्ने गरेको बताउँदै कडा कानून नहुँदा गलत गर्नेहरू ठाडो शिर बनाएर हिँडिरहेको बताए । रौतहटमा भएको डुङ्गा दुर्घटनाको प्रसङ्ग जोड्दै उनले भने, “पाँच वर्षअघि बोलपत्र भएर पनि आजसम्म पुल नबन्दा जिल्लावासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्, पुल नबनाउने ठेकेदारलाई अब कडा कारवाही गर्नुपर्छ ।” सो अवसरमा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले पत्रकारिता जगत् कसैको प्रयोगशाला बन्न नहुने बताए । यसैगरी कार्यक्रममा पूर्वमन्त्री प्रभु साहले राजनीतिक सङ्क्रमणबाट मुलुक भर्खरै अगाडि बढेको बताउँदै सरकारले ल्याएको समृद्धिका नारा साकार पार्न सबै क्षेत्रको सहयोग आवश्यक रहेको बताए । सो अवसरमा साप्ताहिकले प्रेस काउन्सिल सञ्चालक समिति सदस्य गोविन्द चौलागाईं, रिपोर्टर्स क्लबका अध्यक्ष ऋषि धमला, पत्रकार डा. राजेश अहिराज, गायिका सेरिना कुँवर, साहित्यकार चन्द्रभूषण साहलगायतलाई सम्मान गरेको थियो ।

## अस्पतालको लापरवाहीले बालकको मृत्यु

कपिलवस्तु । तौलिहवा अस्पतालकको चरम लापरवाहीले ३ महिने बालकको निधन भएको छ । यशोधरा गाउँपालिका- ७ सुल्तनवापुरका दल बहादुर तेलीका ३ महिने छोराको मुत्यु भएको आफन्तले आरोप लगाएका छन् । सामान्य ज्वरो र पखाला लागे पछि शनिवार १२ बजेतिर तौलिहवमा अस्पतालमा उनले छोरालाई उपचारका लागि ल्याएका थिए । बिरामी छोराको उपचारका लागि आकस्मिक कक्षमा पृगेका उनले त्यहाँ कोही नभएको बताए । उपचार नपाउँदा ल्याएको २० मिनेटमा बालकको ज्यान गएको थियो ।

स्थानीय सम्वाद

## करभन्दा विकास बढी प्राथमिकतामा



**हरिप्रसाद मण्डल**

**मेयर, मटिहानी नगरपालिका (महोत्तरी, प्रदेश २)**

**० राष्ट्रिय जनता पार्टी नेपालले थप आर्थिक भर पार्ने कर नलिन निर्देशन दिएको छ, तपाइँहरू के गर्नुहुन्छ ?**
– पार्टीको निर्देशन त मान्नै पर्ने हो । तर करसम्बन्धी हाम्रो नगरपालिकामा समस्या छैन । खासगरी हाम्रो नगरपालिकामा कुनै किसिमको नयाँ कर थपिएको छैन । विगतमा गाउँ विकास समितिले निर्धारण गरेको अनुसार नै हामीले कर उठाइरहेका छौं । हामीले सामान्यरूपमा कर निर्धारण गरेका छौं । तर, देशभरि करका विषयमा धेरै हल्ला मच्चिएको छ । कहाँ कुन ठाउँमा कसरी कर लाग्यो त्यो हामीलाई थाहा छैन । हामीले करभन्दा पनि विकासलाई बढी प्राथमिकता दिएका छौं ।

**० अहिले जसरी चौतर्फीरूपमा करको दायरा फराकिलो भयो, जनता मारमा पऱ्यो भन्ने कुराहरू छन्, त्यस्तो अवस्था मटिहानी नगरपालिकामा छैन ?**
– करसम्बन्धी नमुना कानून त सरकारले पठाएको छ, तर अहिले हामी लागू गरेका छैनौं । यदि सरकारले दुई रूपैयाँ निर्धारण गरेर पठाएको हो भने त्यसमा कमबेसी गर्ने अधिकार त हामीसँग छ नि । जनताको अवस्था हेरेर मात्रै कर निर्धारण गर्न सक्छौं । सरकारकै कानूनअनुसार कर लागू गरियो भने स्वाभाविकरूपमा समस्या आउँछ ।

**० करिब दुई दशकदेखि स्थानीय तह जनप्रतिनिधिविहीन थियो, तपाइँहरू निर्वाचित भएर आउँदा विकास गर्न कति चुनौती भएको छ ?**
– समस्या र चुनौती त छँदैछ । किनभने ग्रामीण भेगलाई एकैचोटि कहीं नगरपालिका र गाउँपालिका बनाइयो । विगतका चार-पाँच वटा गाउँ विकास समितिहरूलाई जोडेर नगरपालिका बनाइएको हो । तर, काम गर्न जहाँ पनि चुनौती हुन्छ । त्यो चुनौतीलाई स्वीकार गरेर विकासको कामलाई निरन्तरता दियो भने कुनै प्रकारको समस्या हुँदैन । काम गर्नका लागि अहिले निश्चित रूपामा फरक अवस्था हो । किनभने पहिला थोरै पैसा हुन्थ्यो, अहिले धेरै पैसा छ स्थानीय निकायमा । सबै बजेट सिलिङ छ । त्यसैले अहिले सहज परिस्थिति छ । जनताले धेरै कुराको अपेक्षा राखेका छन्, ती सबै कुरा एकै वर्षमा पूरा त हुँदैन । तर, जनताका अपेक्षाहरूलाई हामीले मध्यनजर राखेर काम गर्दैछौं ।

**० तपाइँहरू जनप्रतिनिधिको रूपमा निर्वाचित भएर आएको एक वर्ष हुँदैछ, यसबीच के-कस्ता कार्यहरू गर्नुभयो ?**
– हामी निर्वाचित भएर आएपछि सबभन्दा पहिला त हामीलाई कार्यालय व्यवस्थापनमै समय लाग्यो । सुरूमा हामीसँग कर्मचारीको अभाव थियो । त्यसपछि हामीले पहिलो नगरसभा गऱ्यौं, त्यसबाट जनअपेक्षा धेरै आयो । जनअपेक्षाकै आधारमा हामीले सडक पूर्वाधारलाई विशेष प्राथमिकतामा राख्यौं । यस्तै, कृषि क्षेत्रलाई अगाडि बढाउन पनि सिंचाइको व्यवस्था गऱ्यौं । औषधिहरू समयमै कसरी सबै स्वास्थ्य संस्थाहरूमा पुऱ्याउने त्यसको व्यवस्थापन पनि गऱ्यौं । यस्तै, विद्यालयहरूमा समयमै पुस्तक उपलब्ध गराउने, शिक्षकहरूको तलब व्यवस्था गर्ने लगायतका कामहरू गऱ्यौं । कक्षा ८ र ९ का विद्यार्थीहरूलाई कम्प्युटर वितरण गऱ्यौं । मटिहानी एउटा ऐतिहासिक ठाउँ भएकोले त्यहाँ फ्रि वाइफाई जोन कार्यक्रम ल्याइयो । त्यसपछि वृद्धवृद्धाहरूलाई सम्मानको कार्यक्रम ल्यायौं । यस्तै, हरियाली प्रवर्द्धनको कार्यक्रम पनि चलायौं । यसैगरी हामीले धेरै यस्ता जनअपेक्षाका कार्यहरू गऱ्यौं ।

**० तपाइँहरूको कार्य गराईबाट त्यहाँका जनता सन्तुष्ट छन् ?**
– हामी फिल्ड भिजिटमा जाँदा अहिलेसम्म कुनै किसिमको आरोप/प्रत्यारोप लागेको छैन । सबैले विस्तारै गर, ठोस गर र राम्रो गर भन्दैछन् । उहाँहरूको भावनालाई नै मध्यनजर गर्दै काम गर्दैछौं । हामीले गरेको कामबाट कहीं पनि असन्तुष्टि देखिएको छैन ।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ गाउँ भनिन्थ्यो, यो नारा तपाइँको नगरपालिकाका जनताले महसुस गर्न पाएका छन् ?**
– वास्तवमा यो नारा मात्र हो । अब कस्तो सिंहदरबार गाउँमा गयो, त्यो त मलाई थाहा छैन । सिंहदरबार गाउँमा गएको भए अहिले पनि धेरैजसो अधिकार प्रहरी-प्रशासनमा छ । त्यसकारणले, सिंहदरबार गाउँमै गएको भन्ने मलाई लाग्दैन । सिंहदरबारमा देशको मुखिया नै बस्ने भएकाले तिनको सबै अधिकार गाउँमा गएको छैन । केही कुराहरू मात्र हामीलाई दिइएको छ । अहिले एउटा मात्र कुरा हामीमा के छ भने पैसा चलाउन पाएका छौं । विगतमा पैसा चलाउने अधिकार जिल्ला विकासमा थियो तर अहिले सोझै स्थानीय तहलाई आएको छ । शिक्षाको सन्दर्भमा शिक्षकहरूलाई तलब खुवाउनेबाहेक अन्य कुनै अधिकार छैन । त्यसकारण सिंहदरबार गाउँमा भन्ने कुरामा म आफै सन्तुष्ट छैन । जनमुखी सरकार गाउँमा हो त्यति मात्रै बुझ्छौं ।

**० मटिहानी नगरपालिका छिमेकी मित्रराष्ट्र भारतको सीमासँग जोडिएको छ, नेपाल-भारत प्रबुद्ध व्यक्तिको समूह (इपीजी)ले सीमा क्षेत्रमा परिचयपत्र लागू गर्नुपर्ने प्रस्ताव गरेको सुनिन्छ । यो कतिको सान्दर्भिक छ त ?**
– दुई देशबीच सम्बन्धलाई बिगार्नका लागि मात्र यस्तो कुरा गरिएको छ । जहाँ दुवै देशका नागरिक स्वस्फूर्तरूपमा ओहोर दोहोर गरिरहेका छन् भने कहाँ कहाँ परिचयपत्र लगाउने ? त्यो परिचयपत्र लगाउँदा त घेरावार लगाउनुपर्ने हुन्छ । त्यो कुरा जनताले कुनै पनि हालतमा मान्दैन । यी सब कुराहरूले भारतप्रतिको आस्थालाई घटाउनका लागि मात्रै हो ।

**० भनेपछि यो व्यवहारिक छैन ?**
– यो पक्कै पनि व्यवहारिक छैन । यी कुराहरू अपराध भएका ठाउँहरूका लागि हुन्छ । धेरैजसो अपराधिक क्रियाकलापहरू काठमाडौंमै हुने गरेका छन्, मोस्ट वान्टेडहरू काठमाडौंमै पक्राउ परेका हुन्छन् । विमानस्थलबाट आएर पक्राउ परेका हुन्छन् । त्यसैले यस्तो प्रावधान दुई देशबीचको सम्बन्ध बिगार्ने कुरा मात्रै हो । एक किसिमले भन्ने हो भने खुला सिमानाको रक्षक मधेशी नै हो । सीमामा नेपाली सुरक्षाकर्मीको उपस्थिति कति छ र ? एउटा मटिहानी नगरपालिकामा जम्मा ४५ जना सशस्त्र प्रहरी छन्, बोर्डर एरिया ३ किलोमिटरको छ । ४५ जनाले सीमाको रक्षा गर्न सक्दैनन् । त्यसकारणले त्यहाँका नागरिक नै सीमाको पहरेदार हुन् । त्यसैले यी कुराहरू ल्याउनु नै गलत हो ।

**० यदि परिचयपत्र लगाइयो भने के गर्नुहुन्छ ?**
– यस्ता निर्णयहरू लागू गर्न यहाँ बसोबास गर्ने नागरिकसँग छलफल गर्नुपर्छ । हामीसँग छलफलै नगरिकन परिचयपत्रको कुरा ल्यायो भने यसलाई विरोध गर्ने ठाउँ हामीसँग छ नि त । हामीलाई असहज भएपछि हामीले भन्ने हो नि कि परिचयपत्र देउ भनेर । हामीलाई गाह्रै छैन, हामीसँग नेपाली नागरिकता छ । सीमामै टाँसिएको गाउँमा परिचयपत्र कसरी लागू हुन्छ र ?

## विश्व परिवेश

# अमेरिका–चीन व्यापार विवाद



न्युयोर्क । अमेरिका–चीन व्यापार विवाद झन् उत्कर्षमा चुलिएको छ । केही दिन अघि नै अमेरिका र चीनबीचको व्यापार विभेदको समस्या समाधानको निम्ति गरिने भनिएको वार्ताका बीचमा फेरी विवाद झन् चुलिएको हो । अमेरिका र चीनले एक-अर्को मुलुकका सवारीसाधन, पार्टपुर्जा, धातुजन्यलगायत दर्जनौं सामग्रीमा अर्बौं डलरको करवृद्धि गर्ने घोषणा गरेका छन् । दुवै देशका उच्च अधिकारीबीच वासिङ्टनमा शीर्ष तहको बैठक चलिरहेका बेला एक-अर्को देशमा निर्यात हुने सामग्रीमा २५ प्रशित करवृद्धि गर्ने घोषणा गरेका हुन् । गत महिना पनि दुवै मुलुकले एक-अर्को देशमा निर्यात हुने ३४ अर्ब डलरका सामानमा करवृद्धि गर्ने घोषणा गरेका थिए । घोषणासँगै दुवै मुलुकका ५० अर्ब डलर बराबरका सामानमा करवृद्धि हुनेछ । चीन सरकारले अमेरिकी करवृद्धिले विश्व व्यापार संगठन ( डब्लुटिओ) को नियम उल्लंघन गरेको भन्दै अमेरिकाको तीव्र आलोचना गरेको छ ।

त्यसैगरी चीन र अमेरिकाका प्रतिनिधिमण्डलबीच व्यापारसम्बन्धी उच्च तहको वार्ता वासिङ्टनमा जारी रहेका बेला दुई देशले बदलामुखी करवृद्धिको घोषणा गरेका छन् । व्यापारमा देखिएका जटिलता हटाउने भन्दै दुई देशबीच न्युयोर्कमा व्यापारसम्बन्धी शीर्ष तहमा वार्ता भइरहे पनि वार्ता सकारात्मक भने देखिदैंन । अमेरिकाले चिनियाँ २५ प्रतिशत कर लगाएको मंगलबार घोषणा गरेपछि चीनले पनि बदलास्वरूप सोही मात्रामा कर लगाएको हो । ट्रम्प प्रशासनले चीन निर्यात हुने सामग्रीमा भारी करवृद्धि गरेपछि चीनले कोइरा, औषधिजन्य उपकरण, कार तथा बसका पार्टपुजामा कर लगाएको चिनियाँ वाणिज्य मन्त्रालयले जनाएको छ । तर, वार्ताको विस्तृत विवरण भने सार्वजनिक गरिएको छैन । पछिल्लो करवृद्धिले दुई देशबीचको व्यापार विवाद तत्कालै समाधान नहुने विज्ञहरूको भनाइ छ ।

अमेरिकाले चिनियाँ सामग्रीमा लगाएको करवृद्धिले विरोधमा बेईजिङले विश्व व्यापार संगठन (डब्लुटिओ) मा पुनः उजुरी गर्ने बताएको छ । चिनियाँ कदमले व्यापार युद्धको अवस्थामा रहेका वासिङ्टन र बेइजिङ थप समस्यामा पर्न सक्ने बताइएको छ । चीनले यसअघि पनि अमेरिकी कदमविरूद्ध डब्लुटिओ गुहारेको थियो । ट्रम्पले जुलाईमा पहिलो चरणमा कर लगाएपछि बेइजिङले अमेरिकी कदमविरूद्ध डब्लुटिओमा उजुरी गरेको थियो । अमेरिकाले डब्लुटिओको नियम उल्लघंन गरेको चीनको दाबी छ । वासिङ्टनले कर लगाए चीनले बदला लिने चीनका वाणिज्यमन्त्री वाङ साउवेनले चेतावनी दिएका छन् ।

ट्रम्प प्रशासनले चीनबाहेक मेक्सिको, क्यानडा, युरोपेली युनियन (इयु) मा पनि अमेरिकी सामग्रीमा करवृद्धि गरेको छ । अमेरिकी उत्पादन किन्न उपभोक्तालाई उत्साहित गर्न ती देशविरूद्ध करवृद्धि गरिएको ट्रम्पले दाबी गरेका छन् । अमेरिकी कदमविरूद्ध इयूलगायत ती मुलुकले पनि आफ्ना देशबाट अमेरिका निर्यात हुने सामग्रीमा भारी कर लगाएको घोषणा गरेका छन् । यसअघि अमेरिकी करको विरोधमा ती मुलुकले आफ्नो देशमा रहेका व्यापार प्रतिनिधिसँग प्रष्टीकरण लिएका थिए । नयाँ करले आफ्नो व्यापारमा नकारात्मक प्रभाव पर्न सक्ने र नयाँ करको भार थेग्न नसक्ने विभिन्न देशका व्यापारीहरूले बताएका छन् ।

**उच्च तहको वार्ता**

अमेरिका र चीनबीच केही दिनदेखि व्यापारसम्बन्धी उच्च तहको वार्ता भइरहेको छ । दुवै मुलुकबीचको व्यापार युद्ध चर्किरहेको बेला यो पहिलो उच्चस्तरीय वार्ता हो । यसै साता अमेरिकाको निमन्त्रणमा चीनका उपवाणिज्यमन्त्री वाङ साउवेनको नेतृत्वमा एक प्रतिनिधिमण्डल अमेरिका पुगेका थियो । अन्तराष्ट्रिय व्यापार मध्यस्थतासम्बन्धी प्रतिनिधिसमेत समेत वाङ नेतृत्वको टोलीले अमेरिकी अर्थ मन्त्रालयका वरिष्ठ अधिकारी डेभिड माल्पासको टोलीसँग वार्ता गरेको छ । वार्ताको विस्तृत विवरण सार्वजनिक हुन बाँकी नै छ । उपवाणिज्यमन्त्री वाङले चीन एकपक्षीय व्यापार र संरक्षणवादी अभ्यासको विपक्षमा रहेको र कुनैपनि किसिमबाट एकपक्षीय व्यापार बेइजिङलाई स्वीकार्य नहुने बताउँदै आएका छन् । (छहरा साप्ताहिक, भदौ ११ गते सोमबार)

## बलुहवा बालविवाहमुक्त र सतप्रतिशत भर्ना वडा

कपिलवस्तु । मायादेबी गाउपालिका- ५ ( साबिक बलुहवा गाबिस ) एकै पटक बाल बिवाह मुक्त र शत प्रतिशत बिद्यालय भर्ना घोषणा गरिएको छ । वडामा बाल बिवाह शुन्यमा झरेको र ५ देखि १२ बर्ष उमेरका सबै बालबालिका बिद्यालयको पहंचमा पुगे पछि वडालाई बाल बिवाहमुक्त र शत प्रतिशत भर्ना घोषणा गरिएको हो । बाल बिवाहमुक्तको प्रतिबेदन वडा सचिव रामसेवक कुर्मी र बाल बिवाहमुक्तको शिक्षा श्रोत व्यक्ति रमेश कुमार पाण्डेयले सार्वजनीक गरेका थिए । सेभ द चिल्ड्रेनको सहयोगमा लिडो र वडा कार्यालयद्धारा संयक्तपमा आयोजित कार्यक्रममा प्रतिनिधि सभा सदस्य अतहर कमालले एकै पटक बालबिवाह मुक्त र शत प्रतिशत भर्ना अभियान घोषणा हुने कार्य सारहनीय भएको बताए । उनले भर्ना भएको बिद्यार्थीलाई टिकाई राख्न र गुणस्तीय शिक्षाकालागि बिशेष पहल हुन पर्न बताए । साथै गाउंपालिका अन्य वडा तथा छिमेकी नगरपालिका र गाउंपालिकाले समेत यस्ता कार्य गर्नु पर्ने बताए । बिद्यालयमा गुणस्तरिय शिक्षाका लागी स्थानीय सरकार शिक्षक र अभिभावक मिलेर योवजना वनाई काम गर्नु तथा मुल्याकंन प्रणलीलाई निरन्तरता दिनुपर्ने समेत कमालले बताए ।

## विद्यालयमा सूचना प्रविधिको प्रयोग

नेपालगञ्ज । बाँकेको राप्तीसोनारी गाउँपालिकाका सबै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउने उद्देश्यले सूचना प्रविधिको प्रयोग शुरू गरिएको छ । यसको शुरूवात गाउँपालिकाको अगैयास्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयबाट गरिएको छ । सो विद्यालयमा गाउँपालिकाका अध्यक्ष लाहुराम थारू र इम्पेटस नेपाल प्रालिका अध्यक्ष जीवन गुरागाईले सूचना प्रविधिको 'स्टुडेन्ट प्रोफाइल रिसर्च एनालाइसिस ( एसपिआरए) एकेडेमिक एनलाइसिस रिसोर्स प्रोग्रामिङ' (इआरपी) बुधवार शुभारम्भ गरेका छन् । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सूचना प्रविधिको प्रयोगबाट संघीय सरकार, स्थानीय सरकार, प्रधानाध्यापक, अभिभावक, शिक्षक र विद्यार्थीले विद्यालयको गतिविधि अध्ययन गर्न पाउने छन् ।

## सुख, शान्ति एवं समृद्धिका लागि पूजपाठ

वीरगंज । हिन्दू परिषद् नेपालद्वारा नेपालमा सुख,शान्ति एवं समृद्धिका लागि एक दिने विशेष पूजापाठ सम्पन गरेको छ । बिरगंज माइस्थान चौक स्थित गहवामाई पार्कमा श्रीरूद्री अभिषेक एवं हनुमान आरधनामा स्थानीय सहित पर्सा,बारा, रौतहट, चितवन,मकवानपुर बाट हिन्दू परिसद नेपालको अगुवाहरूको सहभागिता रहेको थियो । हिन्दू परिषद नेपालको केन्द्रिय अध्यक्ष संतोष पटेलले नेपाल लाई पुनः हिन्दू रास्ट्र घोषणा गराउनका लागि परिषद्ले अहिले धार्मिक एवं सामाजिक कार्य संग जनजागरण अभियान संचालन गरेको बताए।एस वर्ष चैत मसान्त सम्म नेपालको ७७ जिल्लामा संगठन बिस्तार गर्ने योजना रहेको बताए । शासन व्यवस्था जेसो नेपाल हिन्दू रास्ट्र हुनु पर्छ भन्ने बटम लाईनमा परिसद कार्य गरिरहेको बताउँदै हिन्दू राष्ट्रका निम्ति सहयोग एवं साथ दिन सम्पूर्ण नेपालीहरूलाई आग्रह गरेका थिए।पटेलले नेपालमा बस्ने हिन्दू एवं हिन्दूका संस्कृति  माथि कसैले प्रहार गरे परिषद् चुप लागेर नबस्ने बताए ।

## नेपालमा भिजन ट्वान्टी–ट्वान्टी

नेपालगञ्ज । नेपालमा अन्धोपन निवारणका लागि भिजन ट्वान्टी–ट्वान्टी कार्यक्रम सञ्चालन भएपछि आँखा उपचार सेवामा सबैको पहुँच पुग्न थालेको छ । संयुक्त राष्ट्रसंघले सन् १९९९ फेब्रुअरीमा 'दृष्टिका लागि अधिकार' नारासहित विश्वका करीब पाँच करोड नागरिकलाई अन्धोपनबाट जोगाउन भिजन ट्वान्टी–ट्वान्टी कार्यक्रम तर्जुमा गरेकामा नेपालले पनि सोही वर्षको नोभेम्बरमा उक्त कार्यक्रम अनुमोदन गरेको थियो । सो कार्यक्रम स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमार्फत मुलुकभर सञ्चालनमा ल्याइएको हो । सन् २०२० सम्म सञ्चालन हुने उक्त कार्यक्रमका लागि मन्त्रालयले नेपाल नेत्र ज्योति सङ्घ, तिलगङ्गा आँखा केन्द्र र आँखा उपचारका क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी निकायलाई सहयोगी संस्थाका रूपमा लिएको छ । भिजन ट्वान्टी–ट्वान्टीले मोतियाविन्दु, जलविन्दु, खस्रे रोगको उपचार, बालबालिकामा हुने अन्धोपन न्यूनीकरण, चश्माको जाँच, न्यून दृष्टि सेवा, मधुमेहका कारण आँखाको दृष्टिमा पर्ने असरको उपचार गर्नुका साथै आँखा रेखदेखसम्बन्धी चेतनामूलक कार्यक्रमलाई समेटिएको नेपाल नेत्र ज्योति सङ्घका जिल्ला अध्यक्ष रतनकुमार टण्डनले जानकारी दिए ।

## कविता



सनी लिम्बू

### रेशम बाँधिएको छ !!!

उ निरंकुशहरूको साङ्लोमा बाँधिएको छ
बर्वर विभेद र दासताको दाम्लोमा बाँधिएको छ,

थिएनन् कुनै वयक्तिक स्वार्थ
न त कुनै बैभवताको लालसा
थियो त केवल मुक्ति र स्वतन्त्रताको चाहना
मुलुक भित्रै मुलुकी फूलेको सपना
त्यसैले त उसलाइ बाँधिएको छ,
स्वतन्त्रता, सामानुपातिक, समावेशी नायकीको दुश्मनी
उ माथि साँधिएको छ,

सक्दैनन् उसलाइ देख्न
दासताका तिक्षणीत नजरहरूले
जो निदरीमा पनि टोक्छन्
सन्ध्यामा पनि टोक्छन्
टोकेरै, चुसेरै बाँच्ने बानी भैसकेकाहरू
भेट्टीएको सिकारलाइ पनि बाँडचुड नगर्नेहरू
जसरी पनि लखेट्न खोज्छन् दैविक कुचिकारलाई
किनकी,
एक्लै खान रूचाउँछन् सिनोलाइ जंगली हुँडारहरू

सिंहदरवार तिर गाँइगुई हल्ला चल्यो अरे !
एउटा महान नेता पश्चिमबाट चढाइको विगुल फूक्दैछ ।
ए एक्लै छैन,
ए सँग लाखौं, सदियौं देखि पिल्सिएका
उत्पिडितहरूको झुण्ड छ अरे !
प्रकृति र मूलमाटो संगै वासना साँधिएका
वलिष्ठहरूको अगुवाइ गर्दैछ अरे !
उ लिगलिगेमा षडयन्त्रको सिकार भएका
घलेहरूको साथमा छ अरे !
पश्चिमी दाङ्गको दंगीशरण, रोल्पा रूकुमका मगर
अनी,
पूर्वका बुढा सुब्बाको पनि वकालत गर्छ अरे !
उसको मागमा देश छैन
देश टुक्रयाउने सपना देखेको पनि होइन
उसले त भुमीपुत्रहरूको भुमीको वकालत मात्रै गरेको हो
आफ्नै बस्तीका झुपडीमा सजिएका संस्कृतिको
हक मात्रै मागेको हो
उसको गर्जनमै सिंहदरवार हल्लिन्छ ?
त्यो उसलाइ थाहा थिएन
गर्जनमै मित्रता पहिचान गर्न नसक्नेहरूको
आज उ सिकार भएको छ
आफ्नैले आफ्नैलाइ पचाउन नसक्नेहरूको
विकार भएको छ,
त्यसैले त आज उ, निरंकुशहरूको साङ्लोमा बाँधिएको छ
बर्वर विभेद र दासताको दाम्लोमा बाँधिएको छ,

उ बलिष्ठ छ, वाहुवली छ,
त्यसैले त उसको मोल छ
सामान्ति हाटबजारमा जंजीरले बाँधिएर कुँज्याईएको भएपनि
फलामे साङ्गलो टुटाउन सक्ने उ सँग
हिम्मत छ, अदम्मे सहास छ
पहिचानको तराजुमा सबै भन्दा गऱ्हुंगो
ढक कहलिएको रेशम आज
पहिचानी जंगलको सम्राट बन्छ भनेरै त होला
आफन्तिको सुराकीमा उसलाई
सिकारको पासोमा पारिएको छ
बुझ हो ! जनजाती हो ?
आफुलाइ मूलवासी भन्नेहरू हो ??
आदिवासी कहलाइनेहरू हो ???
हामी सबैका अगुवा, मूक्तीदाता, पहिचानवादी नेता
रेशमलाई आज
निरंकुताको साङ्लोमा बाँधिएको छ
बर्वर विभेद र दासताको दाम्लोमा बाँधिएको छ !!!

बलरा नगरपालिकाको अनुरोध

– नगरपालिकालाई बुझाउनु पर्ने घर, जग्गा कर, मालपोत दस्तुर, व्यवसाय करलगायत कर नियमित तिरौं ।
– घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
– भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिताबमोजिम नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
– सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।
– आफ्नो घर आँगनबाट उत्पादन हुने फोहोरलाई उचित व्यवस्थापन गरी सफा सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

बलरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सर्लाही

- सार्वजनिक निकायहरूले आफ्नो निकाय सम्बन्धी सूचना प्रत्येक तीन/तीन महिनामा विभिन्न राष्ट्रिय भाषामा प्रकाशित गर्नुपर्ने तथा आम सञ्चार माध्यमको उपयोग गर्नुपर्ने कानूनी व्यवस्था छ । यसको पालना भए-नभएको नागरिकले चासो व्यक्त गर्नुपर्छ ।
- प्रत्येक सार्वजनिक निकायले सूचनाको वर्गीकरण गर्नुपर्छ । ती निकायहरूले सूचनादाताको संरक्षण गर्नुपर्छ । कानून बमोजिम क्षतिपूर्ति दिने गरी आयोगबाट निर्णय भएमा क्षतिपूर्ति रकम उपलब्ध गराउनु पर्नेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


दोहरो कर र बढदो कर दरको मार विरूद्ध जनमत । संघीयता महँगो व्यवस्था हो, ३ तहको सरकारको बृहत् संरचनाका कारण प्रशासनिक खर्च झन बढ्ने भयो नै ! अझ त्यसमाथि तलब भत्ता सुविधा र अन्य अनुत्पाद कर फजुल खर्च बढाएर जनतामा कर भार थोपरर्ने प्रवृत्ति बढेको छ । **डा. रामाशरण महत**


शासकीय नालायकीको दोष संघीयतालाई किन ? महंगा गाडी किन्न कर बढाउने, दोष संघीयतालाई दिने ? यो वास्तविक संघीयता पनि हैन । संघीयताको हचुवा मोडेल हो । संघीयता खारेज हैन, वास्तविक संघीयताको आन्दोलन सुरू गरौं । **डम्बर खतिवडा**


प्रदेश सरकारको मन्त्री परिषद्ले गरेको निर्णय नमान्ने, मुलुकी देवानी कार्यविधि, संहिता ऐन २०७४ लाई नमान्ने र संविधानले प्रदेश सरकारलाई दिएको कार्यकारणी अधिकार समेत संघीय सिडियो कार्यालय र बैंकहरूले नमान्ने हो भने जनताले चुनेको प्रदेश सरकारको गरिमा र मर्यादा नगर्नु हो । **दिपेन्द्र झा**


सरकार, तिमी देश कसरी बनाउँछौ जब 'बलात्कारीलाई लुकाउन खोज्छौ', न्याय माग्नेमाथि गोली चलाउँछौं, सिण्डिकेटका नाइकेहरूलाई संरक्षण दिन्छौ, कम्युनिस्ट भएर निजी अस्पतालरस्कूललाई प्रेरित गर्छौ, ठग ठेकदारको घरमा डेरा जमाएर बस्छौ, जेजे नगर्नु पर्ने सबै गर्छौ। दुई तिहाईको शक्ति खेर फाल्छौ । **रविन्द्र मिश्र**


काठमाडौंमा मिल्छ भने वर्षैभरी सार्क सम्मेलन गरौं । धुलो, धुवाँ खान नपर्ने रातारात रोड कालपत्रे हुने खाल्डाखुल्डी पनि पुरिने फ़ोहोर भरिएका वालभरी राम्रो तस्बिर टासटुस गरेर भएपनि सफा सुन्दर देखिने गरे हुने रैछ नि त ? पशुपतिको पनि दर्शन सिध्राको पनि व्यापार भन्ने उखान सत्यमा बदलौं । **सरस्वती सुब्बा**


नेपालमा सार्वजनिक बिदा हुँदा नेपाल स्थित रहेका कुनैपनि वैदेशिक कुटनैतिक नियोगहरू समेत बन्द रहन्छ । उस्ले "मेरो देशमा बिदा छैन" भन्दै घमण्ड गर्दैन । तसर्थ प्रदेशमा रहेका जुनसुकै कार्यालयले प्रदेश सरकारको निर्णय मान्नै पर्दछ । केन्द्रको दम्भ देखाउने होइन । **वीरेन्द्र के.एम**


बेईमानी र कटुतापूर्ण तरिकाले प्रदेशको सिमांकन कोर्दै त्यसको विरोध गर्ने जनताको छाती टाउकोमा गोली ठोक्दै जारी गरिएको नश्लीय संविधानलाई मधेशका सिमान्तकृत समुदायले स्वीकारेका छैनन् । **सन्तोष यादव**


बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बिमस्टेक सम्मेलन गराउन लागिएको हो । तर, यहाँ आफ्ना नागरिकहरूलाइ सास्ती दिएर हामी प्राविधिक तथा आर्थिक रूपमा सु-सम्पन्न छौ भन्दै नेपाल सरकारले सम्मेलनमा आउने विभिन्न देशका प्रतिनिधिहरूलाइ देखाउन खोजिएको जस्तो लाग्छ । **अर्जुन खड्का**


एकातिर बहुबिबाह गर्नेलाई कारबाही रे, अर्कोतिर महिला पुरूषको सम्बन्धवाट बच्चा जन्मने बितिकै स्वत: विवाह भएको बुझिनेछ , तर महिलालाई कान्छीको रूपमा भित्र्याउन नपाइने ? वाह कानुन हाम्रो देश नेपालको । **सन्तोषी साह**

# अटल विहारी वाजपेयीको सम्झना

काठमाडौं । नेपालका राजनीतिक दलका नेताहरूले भारतीय पूर्व प्रधानमन्त्री स्वर्गीय अटल विहारी बाजपेयीलाई नेपालको महान मित्रको रूपमा स्मरण गरेका छन् । नेपाली काँग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) का वरिष्ठ नेता एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले बाजपेयीले नेपालसँगको मित्रतालाई विशेष महत्व दिएको स्मरण गरेका हुन् । भारतीय पूर्व प्रधानमन्त्री स्वर्गीय बाजपेयीको स्मृतिमा काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै पूर्वप्रधानमन्त्री देउवाले बाजपेयीलाई नेपालको महान मित्रको रूपमा चित्रण गरे । उनले



बाजपेयी नेपालको लागि आवश्यक सहयोग गर्न सधैं प्रतिवद्ध रहेको आफूले पाएको पनि उल्लेख गरे । प्रधानमन्त्रीको रूपमा आफूले बाजपेयीलाई सार्क शिखर सम्मेलनमा भेट गरेदेखि नै बाजपेयी नेपालका लागि सबै खालको सहयोग गर्न प्रतिवद्ध महान हृदय भएका नेताका रूपमा आफूले पाएको सभापति देउवाको भनाई थियो । सभापति देउवाले भारतीय पूर्वप्रधानमन्त्री बाजपेयीको कवि व्यक्तित्वबाट आफू प्रभावित भएको पनि बताए । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का वरिष्ठ नेता नेपालले बाजपेयीले नेपालसँगको सम्बन्धलाई विशेष महत्व दिएको स्मरण गराए । उनले बाजपेयीको व्यक्तित्व अदभूत रहेकाले त्यसको प्रभाव आफूमा किशोर अवस्थामा हुँदानै परेको पनि बताए । नेपालका लागि भारतीय राजदूत मञ्जीभसिंह पुरीले बाजपेयीले छिमेकी नेपालसँगको सम्बन्धलाई दिएको महत्वको चर्चा गरेका थिए ।

# एनआरएमए कुवेतको प्रथम अधिवेशन सम्पन्न

काठमाडौं । विश्वभरी छरिएर रहेका मधेशीहरूको छाता संगठन गैर आवासीय मधेशी संघ ( एनआरएमए) को कुवैत शाखाको प्रथम अधिवेशन सम्पन्न भएको छ । अल शहीद पार्क २४ अगष्ट २०१८ शुक्रबार का दिन सम्पन्न प्रथम अधिवेशनबाट धनबिर कुमार ठाकुर बाराहीको अध्यक्षतामा १७ सदस्यीय र २ सल्लाहकार सहित नयाँ कार्य समिति चयन भएको छ । एनआरएमए कुवैत शाखाको उपाध्यक्षमा नसीब अन्सारी र फुलचन कुमार मुखिया, सचिवमा राजन सिंह कुशवाहा, सह सचिवमा बिर्जु कुमार यादव र कोषाध्यक्षमा विजय कुमार महतो रहेका छन् । त्यसैगरी कार्यकारी सदस्यहरूमा अरविन्द साह, रामकुमार यादव,



रामजतन यादव, दिलीप कुमार मेहता, मोहित नारायण महतो, प्रमोद पासमान, राज कुमार मुखिया, संजय राउत, फेकन यादव, श्याम कुमार यादव र सितासरन महतो रहेका छन् । त्यस्तै सलाहकार मण्डलमा आसा कुमारी मेहता र मोहन सदा रहेका छन् । एनआरएमएका अन्तर्राष्ट्रिय समितिका अध्यक्ष ई. बशन्त कुशवाहाले विश्वभरीका मधेशीहरूलाई जोड्ने अभियान अन्तर्गत कुवैत मा पनि एनआरएमए गठन भएर विस्तार भएको बताए । उनले कुवैतमा रहेका सम्पूर्ण मधेशीहरूलाई एनआरएमएमा सहभागी हुन समेत आग्रह गरे । कुशवाहाले एनआरएमए विश्वभरी विस्तार भइरहेको र हजारौं मधेशीहरू जोडिएको बताउँदै यसले मधेशको हितमा काम गर्दै सशक्त संस्था बन्ने विश्वास व्यक्त गरे ।

# प्रदेश ७ को विधेयकमा प्रस्तावित सेवा सुविधा

कैलाली । प्रदेश सरकारको मन्त्रिपरिषद्को निर्णयअनुसार प्रस्ताव गरी पठाइएको प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ मा प्रतिमहिना सभामुखको पारिश्रमिक रू ५५ हजार प्रस्ताव गरिएको छ । यस्तै विपक्षी दलका नेता र उपसभामुखको रू ५१/५१ हजार, सत्तापक्षाको प्रमुख सचेतकको रू ४९ हजार ५००, सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतकको रू ४९ हजार र प्रदेशसभा सदस्यको रू ४८ हजार मासिक पारिश्रमिकको प्रस्ताव गरिएको छ । पदाधिकारी तथा सदस्यको प्रतिदिनको बैठक भत्ता समान रू ८५० तोकिएकोमा मासिक आवास सुविधाबापत सभामुखलाई रू २० हजार, विपक्षी दलका नेता र उपसभामुखलाई रू १८/१८ हजार, सत्ता पक्षको प्रमुख सचेतक सचेतक विपक्षी दलको सचेतकलाई रू १६/१६ हजार र सदस्यलाई रू १५ हजार तोकिएको छ । फर्निचर खर्चबापत एक पटकका लागि एकमुष्ट सभामुखलाई रू ४० हजार र अन्यलाई रू ३५ हजारका दरले तोकिएको छ । प्रदेशसभा सदस्य र सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतकबाहेक सबैलाई एकएक वटा गाडी, मासिकरूपमा सभामुखलाई १२५ लिटर विपक्षी दलको नेता, उपसभामुख, सत्ता पक्षको प्रमुख सचेतकलाई १०० लिटरका दरले इन्धन सुविधा दिने प्रस्ताव गरिएको छ । पदाधिकारी तथा सदस्यलाई मासिक रू एक हजार ५०० सञ्चार सुविधा तोकिएको उक्त विधेयकमा दैनिक भ्रमण भत्ता सभामुख, विपक्षी दलको नेता र उप सभामुखको रू दुई हजार ५०० का दरले र अन्यको रू दुई हजार ३०० का दरले प्रस्ताव गरिएको छ । यस्तै विदेश भ्रमणमा जाँदा पदाधिकारी तथा सदस्यको दैनिक भ्रमण भत्ता प्रतिदिन २२५ अमेरिकी डलर पाउने प्रस्ताव गरिएको छ ।

## महिला...

तयार रहेको जानकारी दिए । भारतीय प्रधानमन्त्री मोदीले सदस्य मुलुकमध्ये अधिकांश कृषिप्रधान देश भएको र जलवायु परिवर्तनका असरसँग जुधिरहेका सन्दर्भमा कृषि अनुसन्धान र शिक्षा विकासमा सहयोगका लागि भारतले यससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्ने अवगत गराए । उनले डिजिटल सम्पर्क सञ्जालको क्षेत्रमा भारत आफ्नो राष्ट्रिय ज्ञान सञ्जाल श्रीलङ्का, बङ्गलादेश, भूटान र नेपालमा बढाउन प्रतिबद्ध रहेको बताउँदै यसलाई म्यान्मा र थाइल्याण्डसम्म बढाउने इच्छा व्यक्त गरे । 'म आशा गर्छु यस वर्ष अक्टोबरमा नयाँदिल्लीमा हुने 'इण्डिया मोबाइल काङ्ग्रेस'मा तपाईंहरू सहभागी हुनुहुनेछ', उनले भने ।
भारतीय प्रधानमन्त्री मोदीले सन् २०२० अगष्टमा भारतले अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको आयोजना गर्ने बताउँदै सबै बिम्स्टेक सदस्य मुलुकलाई अतिथिका रूपमा सहभागी हुन निमन्त्रणासमेत गरे । उनले बङ्गालको खाडी क्षेत्रका कलासंस्कृति, सामुद्रिक कानून र अन्य विषयमा शोध गर्नका लागि नालन्दा विश्वविद्यालयमा 'बङ्गालको खाडी अध्ययन केन्द्र' स्थापना गरिने अवगत गराए ।
यस क्षेत्रका सबै मुलुकको लामो इतिहास रहेको र इतिहाससँग जोडिएका पर्यटनका सम्भावनाको पूरै लाभ उठाउन पुरातात्विक सम्पदाको पुनरूत्थानमा सहयोग गर्नुपर्ने उनको भनाइ थियो । हिमालय र बङ्गालको खाडीसँग जोडिएको यस क्षेत्रका देशले पटक पटक प्राकृतिक विपद्को सामना गर्नुपरेको बताउँदै उनले यसमा एकार्काको साथ र सहयोगमा मानवीय सहायता तथा विपद् पुन:स्थापनाको प्रयास आवश्यक रहेकामा जोड दिए ।
प्रधानमन्त्री मोदीले भने, 'यहाँ कुनै पनि देश यस्तो छैन जसले आतङ्कवाद र आतङ्कवादको सञ्जालसँग जोडिएका आपराधिक र लागुऔषध बेचबिखनजस्ता समस्याको सामना नगरेको होस् ।' उनले यससँग सम्बन्धित विषयमा बिम्स्टेक ढाँचामा एक सम्मेलनको आयोजना गर्न आफू तयार रहेको जानकारी दिए ।

## बिमस्टेक...

बढिरहेको नेपालले त्यसै वर्ष लुम्बिनीमा बिमिस्टेक बौद्ध सम्मेलन गर्ने पनि प्रस्ताव गर्न सकिन्छ। बिमिस्टेक मार्फत नेपालले दक्षिणपूर्व एसियाका मुलुहरूसँग व्यापार, यातायात, पर्यटन र ऊर्जा व्यापार लगायातका धेरै विषयमा लाभ लिन सक्छ।

सार्क र बिमिस्टेकका उद्देश्य लगभग समान भए पनि फरक फरक राष्ट्रहरू मिलेर बनेका यी दुई संगठनका उद्देश्य एकै वा उस्तै हुन सक्दैनन् । त्यसैले सार्कको विल्कप बिमिस्टेक हुँदै होइन् । सार्क र बिमिस्टेक दुवैलाई एकअर्काको परिपूरकको रूपमा अघि बढाइनुपर्छ। दुवै संगठनको अध्यक्ष रहेको नेपालले लामो समयदेखि हुन नसकेको सार्क शिखर सम्मेलन गराउन पहल गर्नुपर्ने देखिन्छ भने त्यसको लागि बिमिस्टेकका क्रममा हुने साइडलाइन भेटघाटलाई पनि उपयोग गर्न सकिन्छ ।

'समृद्ध नेपाल सुखी नेपाली' को अभियान लिएर अगाडि बढेको दुई तिहाई बहुमतको सरकारले अब आफ्नो कुटनीतिलाई पनि बलियो बनाउनु पर्ने समय आइसकेको छ । देशभित्रको आन्तरिक व्यवस्था जे–जस्ता भएपनि पार्टीगत रूपमा विभाजित भए पनि कुटनीति मुलुकको साझा नीति अनुरूप हुनुपर्छ, विभाजित भएर प्रस्तुत हुनुहुँदैन । सार्क होस् वा बिमिष्टेक, यस्ता सम्मेलन र संगठनहरूबाट नेपालले फाइदा लिन सक्नुपर्छ । अनि विकासको गतिमा पनि सहयोग पुग्ने निश्चित छ ।

## कृषि ज्ञान केन्द स्थापना

नवलपरासी । प्रदेश नं. ५ को पश्चिम नवलपरासी जिल्लाको परासीमा कृषि ज्ञान केन्द्र स्थापना गरिएको छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत स्थापना भएको सो कृषि ज्ञान केन्द्रले पश्चिम नवलपरासी र रूपन्देही जिल्लामा कृषिसम्बन्धी सेवा प्रदान गर्नेछ । सो कृषि ज्ञान केन्द्र ५ नं प्रदेशका विभिन्न आठ जिल्लामा रहने केन्द्रमध्ये सबैभन्दा पहिलो हो । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव यमनारायण देवकोटाले प्रदेशका विभिन्न आठ जिल्लामा स्थापना हुने यस्ता केन्द्रले कृषिमा नयाँ प्रविधि विस्तार र ठूलाठूला किसानलाई प्रोत्साहन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने जनाइएको छ ।

## आर्थिक समाचार

### एनसेलले ल्यायो "लेट्जगो" एप

काठमाडौं । काठमाडौं उपत्यकाभित्र सार्वजनिक सवारी साधनमा यात्रा गर्ने व्यक्तिले अब आफ्नो रूटमा चल्ने बसको सहज रूपमा पूर्व जानकारी लिई नजिकैको बिसौनीबाट बस चढ्न सक्ने भएका छन् ।
एनसेल प्राईभेट लिमिटेडले रामलक्ष्मण ईनोभेसन्स् प्राईभेट लिमिटेडसँग सहकार्य गर्दै 'लेट्जगो' नामक सार्वजनिक यातायात सम्बन्धि मोबाइल एप ल्याएको छ, जस मार्फत प्रयोगकर्ताले अब सहजै विभिन्न रूटमा चल्ने बसहरू हालकहाँ छन् र आफुले चढ्न चाहेको बस कति समयको अन्तरालमाआफुलाई पायक पर्ने बिसौनीमा आईपुग्छ भन्ने जानकारी प्राप्त गर्दछन् । लेट्जगो एपयहिशुक्रबार (भाद्र ८)बाट संचालनमाआउँदै छ र एनसेलको सिम प्रयोगकर्ताले शुक्रबारबाटै उक्त एपको सेवालिँदै बस स्ट्यान्डमा लामो प्रतिक्षा गर्नु पर्ने झन्झटबाट मुक्त हुन सक्नेछन् । एपले प्रयोगकर्तालाई विद्यमान समयमा संचालनमा रहेका सार्वजनिक बसको बारेमा जानकारी दिन्छ र सोहीअनुसार प्रयोगकर्ताले आफुलाई पायक पर्ने बस बिसौनीमागई बस चढ्न सक्छन् । लेट्जगो एपप्रयोग गर्नका लागि प्रयोगकर्ताले एनसेलको सिमकार्ड प्रयोग गरी सर्वप्रथम एप सुचारू गर्नु पर्छ । एप सुचारू गरे पश्चात भने कुनै पनि डाटा नेटवर्कमा रही यसको प्रयोग गर्न सकिनेछ । एप गुगलप्ले स्टोरबाट सजिलै डाउनलोड गरी यसको लाभलिन सकिनेछ ।

### एनसेल र जल तथा मौसम विज्ञान विभागबीच सहकार्य

काठमाडौं । बाढी पहिरो सम्बन्धित जोखिमको पूर्वसूचना प्रवाह गर्दै जनधनको क्षतिमा न्युनिकरण गर्न योगदान पुर्याइरहेको पूर्व सूचना प्रणालीलाई थप मजबुत बनाउन एनसेललेयही शुक्रबार (भाद्र ८ गते)जल तथा मौसम विज्ञान विभागसँग एक नयाँ समझदारी पत्रमा हस्ताक्षर गरेको छ । नयाँ समझदारीले एनसेल र जल तथा मौसम विज्ञान विभाग बीचको सहकार्यलाई अझ वृहत बनाउँदै पूर्व सूचना प्रणालीलाई थप प्रभावकारी बनाउन मद्दत गर्ने विश्वास लिइएको छ । समझदारीपत्रमा एनसेलका तर्फबाट कम्पनीका प्रमुख सूचना अधिकृत विशाल उपाध्याय र जल तथा मौसम विज्ञान विभागका तर्फबाट विभागका महानिर्देशक डा. ऋषिराम शर्माले हस्ताक्षर गरेका हुन् । नयाँ समझदारीपत्रले एनसेल र जल तथा मौसम विज्ञान विभागले आगामी पाँच वर्षसम्म पूर्व सूचना प्रणालीको संचालन तथा विस्तारमा सहकार्य गर्दै बाढी र पहिरोको जोखिममा रहेका थप समुदायलाई पनि यस प्रणालीमा समावेश गराई त्यसको लाभ प्रदान गर्ने उद्देश्य लिएको छ ।

### माछापुछ्रेमा शर्मा

काठमाडौं । सुमन शर्माले माछापुच्छे बैंकमा प्रमुख कार्यकारी अधिकृत पदको कार्यभार सम्हालेका छन् । २१ बर्षको बैंकिङ्ग अनुभव भएका शर्माले नेपाल एसविआई बैंकबाट बैंकिङ्ग सुरू गरेका थिए । शर्मा एनएमबि बैंक र माछापुच्छे बैंक हुँदै नायव प्रमुख कार्यकारी अधिकृतको रूपमा ग्लोबल आइएमई बैंकमा प्रवेश गरेका थिए । माछापुच्छे बैंकमा यसअघि शर्माले झण्डै ३ वर्ष नायव प्रमुख कार्यकारी अधिकृतको रूपमा कार्य गरेका थिए उनले । बैंकिङ्ग क्षेत्रका विभिन्न विषयहरूमा विज्ञता हासिल गरेका शर्मा कर्जा व्यवस्थापन र जोखिम व्यवस्थापनमा उत्कृष्ट मानिन्छन् । नेदरल्याण्डबाट वित्त तथा लेखा विषयमा स्नातकोत्तर शर्माले भौतिकशास्त्र र अर्थशास्त्र विषयमा समेत स्नातकोत्तर गरेका छन् ।

## नेपाल र भारतका प्रधानमन्त्रीले आज धर्मशालाको उद्घाटन गर्ने

काठमाडौं । नेपाल-भारत पशुपति मैत्री धर्मशालाको निर्माण कार्य सम्पन्न भएको छ । विसं २०५८ मा शिलान्यास भएको उक्त धर्मशालाको उद्घाटन प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्रदामोदरदास मोदीले यही भदौ १५ गते शुक्रबार संयुक्तरूपमा गर्ने कार्यक्रम रहेको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । तीनतारे होटलको सुविधा हुने भनिएको उक्त धर्मशाला निर्माणका लागि भारत सरकारले रू २२ करोड सहयोग गरेको कोषका सदस्यसचिव डा प्रदीप ढकालले बताए । धर्मशाला निर्माणपछि नेपाल, भारतलगायत तेस्रो मुलुकका धार्मिक पर्यटकलाई पनि 'टुर प्याकेज' मा यात्रा गराउन सकिनेछ ।

## भारतसँग छुट्टै दुई सम्झौता हुने

काठमाडौं । बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) सम्मेलनको अवसरमा भारत र नेपालबीच छुट्टै दुई सम्झौता हुने भएको छ । सम्मेलनमा उपस्थित प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच रक्सौल-काठमाडौं रेल्वे र बल्क कार्गो सम्बन्धी सम्झौतामा हस्ताक्षर हुने परराष्ट्र मन्त्रालयले जनाएको छ । परराष्ट्रमन्त्री प्रदीप ज्ञावलीले नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदी उपस्थित कार्यक्रममा उक्त सम्झौता हुने भएका हुन् ।

## सुविधासम्बन्धी विधेयक अड्कियो

धनगढी । प्रदेश नं ७ प्रदेशसभाका सदस्यहरू सरकारले तोक्ने मर्यादाक्रमको नयाँ व्यवस्थाको पर्खाइमा छन् । यो पर्खाइकै कारण प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधासम्बन्धी विधेयक बैठकमा टेबुल भएर पनि थप कारवाही अगाडि बढ्न नसकेर लामो समयदेखि सम्बन्धित समितिमा अड्किएर रहेको छ । नेपाल सरकारले निर्धारण गरेको मर्यादाक्रमका विषयमा प्रदेशसभाका सदस्यले असन्तुष्टि जनाएपछि प्रदेशसभा सचिवालयमा दर्ता भएको प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ अड्किएर बसेको हो । अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा अड्किएर रहेको यो विधेयक माथि समितिमा एक पटक छलफल भएकामा पुन: छलफलको आवश्यकता रहेको भन्दै प्रतिवेदननै तयार हुन सकेको छैन । जेठको तेस्रो साता प्रदेशसभा सदस्यले आफूहरूको मर्यादाक्रम नमिलेको भन्दै सच्याउन मागसहित सङ्कल्प प्रस्ताव पास गरेका थिए ।




## लेख/रचना तथा प्रतिक्रिया पठाउन आग्रह

मधेशको समसामयिक विषयमा लेख/रचना पठाउन तथा मधेशवाणीमा प्रकाशित समाचार, विचार वा अन्तर्वार्ताबारे आफ्नो प्रतिक्रिया निम्न ठेगानामा पठाउन पाठकवर्गमा अनुरोध गरिन्छ ।
Email : madheshvani@gmail.com
Facebook : facebook.com/madhesh vani
Twitter : twitter.com/madheshvani

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं